विश्वका श्रमिक एक होऔं !

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी)



# अन्तरपार्टी निर्देशन-४

प्रकाशक

केन्द्रीय सचिवालय

नेकपा (एमाले),

धुम्बाराही, काठमाडौं

# अन्तरपार्टी निर्देशन - ४

**प्रिय कमरेडहरू,**

२६ चैत २०७१ मा जारी अन्तरपार्टी निर्देशन- ३ मार्फत् पार्टी केन्द्रीय कमिटी र स्थायी कमिटीका विभिन्न बैठकका निर्णय र निर्देशनहरू कमरेडहरूसमक्ष पठाइएको थियो । तदनुरूप कमरेडहरूले पार्टी कामलाई अगाडि बढाइरहनुभएको छ भन्ने विश्वास छ । त्यसयता केन्द्रीय कमिटीको पाँचौं बैठक (२०७२ साउन १०-१२), पोलिटब्युरोको पहिलो बैठक (२०७२ साउन ९) तथा स्थायी कमिटीका दसवटा बैठकहरू विभिन्न मितिमा आयोजना भएका छन् । उक्त बैठकहरूबाट निकालिएका निष्कर्ष र गरिएका निर्णयहरू यस अन्तरपार्टी निर्देशन- ४ मार्फत् जानकारी र कार्यान्वयनका लागि पार्टीपंक्ति र कमरेडहरूसमक्ष सम्प्रेषित गरिएको छ ।

**१. भूकम्पपीडितहरूको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि पार्टीको पहलकदमी**

२०७२ साल बैशाख १२ गते दिउँसो आएको विनाशकारी भूकम्प र त्यसपछिका लगातार परकम्पनहरूले मुलुकलाई अकल्पनीय विपत्तिमा धकेलिदियो । झण्डै ९ हजार नागरिकहरूको मृत्यु, सयौं बेपत्ता, झण्डै २५ हजार घाइते तथा अङ्गभङ्ग, ८ लाखभन्दा बढी घरहरू ध्वस्त भएर ४० लाखभन्दा बढी जनता बेघरबार भएको अवस्थाले भर्खरै शान्ति प्रक्रिया पूरा गरेर राजनीतिक स्थायित्व र समृद्धिको दिशातिर अगाडि बढ्ने तयारीमा रहेको राष्ट्रमाथि ठूलो धक्का लाग्यो । राष्ट्रपति भवन, प्रधानमन्त्री कार्यालय,

सर्वोच्च अदालत, जङ्गी अड्डा, राष्ट्र बैङ्क, त्रिभुवन विश्वविद्यालयलगायत राज्यका महत्वपूर्ण प्रशासनिक, सुरक्षा, आर्थिक र शैक्षिक केन्द्रहरू क्षतिग्रस्त हुनु, ऐतिहासिक-सांस्कृतिक महत्वका पर्यटकीय धरोहरहरू नष्ट हुनु, हजारौं विद्यालय, सरकारी एवम् सामुदायिक कार्यालयहरू क्षतिग्रस्त हुनु र झण्डै ५ लाख जनता गरिबीको रेखामुनि धकेलिनुले छिट्टै नेपाललाई विकासशील राष्ट्रको दर्जामा स्तरोन्नत गर्ने राष्ट्रिय सङ्कल्पसमेत गम्भीररूपले प्रभावित भयो ।

राष्ट्रिय सङ्कटको यस्तो अवस्थामा पार्टीले तत्काल उद्धार र राहतमा उत्रिन आह्वान गऱ्यो । बैशाख १२ गते दिउँसो नै पार्टी अध्यक्षद्वारा जारी वक्तव्य र भोलिपल्ट स्थायी कमिटीबाट पारित ५ बुँदे प्रस्तावले राष्ट्रप्रति पार्टीको जिम्मेवारीबोध र तत्परतालाई अभिव्यक्त गर्छन् । त्यसबीच पार्टीले एकातिर पीडितहरूको उद्धार, राहत र पुनर्स्थापनाका लागि सरकारलाई निरन्तर घच्घच्याउने, १२ बुँदे विशेष सुझाव प्रस्तुत गर्ने, व्यवस्थापिका-संसदको बैठक आह्वान गर्न पहल गर्ने र राष्ट्रिय विपत्तिको बेला सम्पूर्ण राजनीतिक शक्तिहरूलाई एकताबद्ध गर्न अगुवाई गर्ने काम गऱ्यो । अर्कातिर भूकम्पपीडितहरूको सेवा र सहयोगका लागि बैशाख २२ गतेदेखि नै अनेरास्ववियु र युवा सङ्घ नेपालको अगुवाईमा स्वयंसेवक अभियान सञ्चालन गऱ्यो । जेठ १० गतेदेखि भने सिङ्गो पार्टी स्वयंसेवक अभियानमा परिचालित भयो, जसमा मेचीदेखि महाकालीसम्मका र हिमाल- पहाडदेखि तराई-मधेस र प्रवासका समेत हजारौं कार्यकर्ता सहभागी थिए । एक महिनासम्म सञ्चालित उक्त अभियानमा नेकपा (एमाले) का तर्फबाट २७ हजार अस्थायी घरहरू निर्माण, २२ हजार क्षतिग्रस्त संरचनाहरुको व्यवस्थापन, १,०१३ विद्यालय भवन र दर्जनौं स्वास्थ्यचौकी एवम् सामुदायिक भवनहरू पुनर्निर्माण गरियो । भूकम्पले गम्भीर धक्का बेहोर्न बाध्य पर्यटन उद्योगको पुनरूत्थान र नेपाल भ्रमणका लागि सुरक्षित छ भन्ने सन्देश प्रवाहित गर्ने अनेकौं कार्यक्रमहरू गरिए ।

यसरी विपत्तिका बेला सिङ्गो पार्टी जनताको साथमा उभियो । पार्टीको यस पहलकदमीले पीडितहरूमा फेरि उठ्न सकिन्छ भन्ने आत्मविश्वास र

भविष्यप्रतिको भरोसा जगाउन ठूलो मद्दत पुऱ्याएको छ। *'नेपाली योजनाः अन्तर्राष्ट्रिय साथ, राज्यको नेतृत्वः हरेक नेपालीको साथ'* भन्ने अभियानको मूल नारा र *'गाउँ-गाउँबाट उठ ... !'* भन्ने अभियान-गीतले राष्ट्रको स्वाभिमानलाई माथि उठाउन र पुनर्निर्माणको दिशा तय गर्न ठूलो भूमिका खेलेको छ। अनेकौं अभाव झेल्दै स्वयंसेवामा खटिएका कार्यकर्ताका माध्यमबाट जनता र पार्टीबीचको सम्बन्ध अझ घनिष्ट भएको छ, पार्टी सदस्यहरूमा श्रमप्रतिको सम्मान र स्वयंसेवाको भावनाको विकास गरेको छ तथा राष्ट्रिय एकताको भावनालाई सुदृढ गर्न मद्दत गरेको छ।

पार्टी केन्द्रीय कमिटीको पाँचौं बैठकले यस अभियानलाई एकदमै सफल रहेको निष्कर्षका साथ नेकपा (एमाले) *'भूकम्पपीडित उद्धार तथा राहत केन्द्रीय समन्वय समिति', 'राष्ट्रिय स्वयंसेवक परिचालन अभियान समिति'* र सबै स्वयंसेवकहरूलाई उच्च प्रशंसासहित धन्यवाद ज्ञापन गरेको छ। बैठकबाट पारित स्वयंसेवक परिचालन अभियानको समीक्षा प्रतिवेदन यसैसाथ सङ्लग्न गरिएको छ। प्राप्त अनुभवका आधारमा पार्टी नियमावलीमा स्वयंसेवी अभियानलाई पार्टी कामको अभिन्न अङ्गको रूपमा स्थापित गर्ने व्यवस्था गर्दै प्रत्येक बर्ष पार्टी केन्द्रको आयोजनामा त्यस्तो अभियान सञ्चालन गर्ने निर्णयसमेत गरिएको छ। कमरेडहरूले समीक्षा प्रतिवेदनको अध्ययन गर्दै त्यसका निष्कर्षहरूलाई आ-आफ्नो कार्यक्षेत्रमा लागु गर्न ध्यान पुऱ्याउनु हुनेछ।

## २. संविधान निर्माणको पछिल्लो अवस्था र पार्टीको भूमिका

माघ ८ गते संविधान जारी गर्ने संविधानसभाको सङ्कल्प र जनचाहना विविध कारणले पूरा हुन नसकेको र तत्पश्चात् मुलुकलाई राजनीतिक ध्रुवीकरण र द्वन्द्वतिर धकेल्न गरिएका प्रयाशहरू सम्बन्धमा कमरेडहरू अवगत नै हुनुहुन्छ। त्यस्तो प्रतिकूल अवस्थामा पनि पार्टीले एकातिर दोस्रो संविधानसभालाई असफल हुन नदिने र संविधान निर्माण गरिछाड्ने अठोट गरेर तदनुरूप भूमिका खेलिरह्यो भने अर्कातिर सडकमा पुगेका दलहरूलाई त्यसले कुनै सकारात्मक परिणाम नदिने, बरु त्यो प्रत्युत्पादक हुने सन्देश

सम्प्रेषण गर्दै वार्ताको टेबुल र संविधानसभाको प्रक्रियामा फर्काउन निरन्तर प्रयाश गरिरह्यो । यस्तै पृष्ठभूमि र विनाशकारी भूकम्पपछिको नयाँ परिस्थितिले प्रमुख दलहरूलाई फेरि एकपल्ट एकै ठाउँमा उभिन दबाब सिर्जना गऱ्यो । हाम्रो पार्टीले भूकम्पपछिको पुनर्निर्माण र संविधान निर्माणलाई दुईवटा प्रमुख राष्ट्रिय एजेण्डाका रूपमा अगाडि सार्दै मुख्य दलहरूलाई सहमतिमा ल्याउन अथक प्रयाश गऱ्यो । व्यवस्थापिका-संसदबाट भूकम्पपीडितहरूको उद्धार, राहत र पुनर्स्थापनाका लागि सर्वसम्मत रूपमा पारित 'सङ्कल्प प्रस्ताव' राष्ट्रिय सहमतिको दिशामा महत्वपूर्ण कदम थियो । फलस्वरूप २५ जेठ २०७२ का दिन नेकपा (एमाले), नेपाली काङ्ग्रेस, एनेकपा (माओवादी) र मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) का बीचमा संविधान निर्माणको लागि '१६ बुँदे सहमति' मा हस्ताक्षर भयो ।

'१६ बुँदे सहमति'ले एकातिर संविधान निर्माणलाई सुनिश्चित गर्दै जनतामा आशा र उत्साहको सञ्चार गऱ्यो भने अर्कातिर संविधान निर्माणको पक्षमा बृहत्तर सहमतिको आधारसमेत सिर्जना गऱ्यो । यसले राजनीतिलाई गलत दिशामा ध्रुवीकृत गर्दै द्वन्द्व निम्त्याउने र संविधान निर्माण हुन नदिने विभिन्न षडयन्त्रलाई विफल पार्न पनि महत्वपूर्ण पहल गऱ्यो ।

'१६ बुँदे सहमति' को जगमा उभिएर लामो प्रयत्नपश्चात् संविधानसभाले पहिलो मस्यौदा तयार गरेर रायसुझावका लागि जनताको बीचमा पठाइयो । अनेकौं अवरोधहरूलाई छिचोल्दै लाखौंको सङ्ख्यामा सहभागी भएर जनताले प्रारम्भिक मस्यौदामा दिएका महत्वपूर्ण सुझावहरूले एकातिर संविधानप्रतिको जनताको अपनत्व, सहभागिता र स्वामित्वलाई सुनिश्चित गरेको छ भने अर्कातिर यसले मस्यौदालाई थप परिमार्जित र उन्नत बनाउन मद्दत गरेको छ । प्राप्त सुझावका आधारमा मस्यौदालाई परिमार्जन गरेर यतिबेला संविधानले विधेयकको रूपमा संविधानसभामा प्रवेश गरिसकेको छ र यसमाथि छलफल जारी छ । संविधान तत्कालिक शक्ति-सन्तुलनको दस्तावेज भएकाले विभिन्न पक्षसँग सम्झौताहरू गरिएका छन्, जसले गर्दा कतिपय कमी कमजोरीहरू पनि अवश्य रहेका छन् ।

संविधान बनाउने प्रयोजनका लागि पार्टीले केही महत्वपूर्ण अडानहरूमा लचकता प्रदर्शन गरेको भए पनि राष्ट्र र जनताका आधारभूत हितहरूमा दृढतापूर्वक उभिने काम भएको छ । गणतन्त्रको संस्थागत विकास, लोकतन्त्रका विश्वव्यापी मूल्य-मान्यताहरूलाई आत्मसात्, सामाजिक न्याय र जनताका आर्थिक-सामाजिक-सांस्कृतिक अधिकारहरूको प्रत्याभूति, सङ्घीयता, समावेशी र सहभागितामूलक शासन प्रणालीको अवलम्बन, सामाजिक सद्भाव र राष्ट्रिय एकता, आधारभूत राष्ट्रिय हितहरूको पहिचान र पक्षपोषणजस्ता महत्वपूर्ण र मूलभूत बिषयहरू समेटेको यो संविधान आधारभूत रूपमा अग्रगामी, लोकतान्त्रिक र जनपक्षीय छ र यसलाई यो स्वरूपमा ल्याउन पार्टीको अथक प्रयत्न रहेको छ । त्यसैले पार्टीले यसप्रति आफ्नो स्वामित्व र श्रेय स्थापित गर्नुपर्छ ।

केन्द्रीय कमिटीको पाँचौं बैठकबाट पारित 'संविधान निर्माणलाई निष्कर्षमा पुऱ्याउने सम्बन्धमा नेकपा (एमाले)को दृष्टिकोण' नामक प्रस्ताव यसैसाथ सङ्लग्न गरिएको छ, जसले संविधानको मस्यौदाप्रति पार्टी दृष्टिकोणलाई बुझ्न कमरेडहरूलाई मद्दत गर्नेछ ।

**३. सीमाङ्कन र त्यसपछि उत्पन्न घटनाक्रम सम्बन्धमा**

सङ्घीयतासहितको संविधान निर्माणको जटिलतम् बिषय प्रदेशहरूको सङ्ख्या निर्धारण, सीमाङ्कन र नामाङ्कन हो । यही बिषयमा विवाद उत्पन्न भएर अघिल्लो संविधानसभा विघटन भएको अनुभव र यस प्रश्नमा राजनीतिक रूपमा मात्रै होइन, सामाजिक रूपमा पनि गहिरो मतभिन्नता रहेको यथार्थलाई ध्यानमा राखेर हाम्रो पार्टीले नामाङ्कनको बिषय प्रदेशसभाले टुङ्गो लगाउने र सीमाङ्कनको प्रश्नलाई उच्चस्तरीय सङ्घीय आयोग बनाएर त्यसकै सिफारिसमा (पछि रूपान्तरित हुने) व्यवस्थापिका-संसदबाट निर्धारण गर्ने प्रस्ताव अगाडि सारेका थियौं । '१६ बुँदे सहमति' मा पनि यही प्रस्ताव गरिएको छ । तर सर्वोच्च अदालतको एकल इजलासबाट भएको विवादास्पद अन्तरिम आदेश, विभिन्न पक्षहरूबाट आएका दबाब र स्वयम् हस्ताक्षरकर्ता दलका नेताहरू नै सीमाङ्कन

टुङ्ग्याएर अगाडि बढ्नुपर्ने अडानमा उभिएपछि हाम्रो पार्टीले संविधान बनाउने प्रयोजनका लागि त्यसमा लचिलो हुन तयार भयो । फलतः मुख्य दलहरूका बीचमा सुरुमा ६ प्रदेशमा सहमति भयो । तर त्यसका विरुद्ध विभिन्न स्थानमा भएका विरोध प्रदर्शनहरू र त्यस क्रममा भएको जनधनको क्षतिलाई ध्यानमा राखेर पुनः ७ प्रदेशको नयाँ प्रस्ताव अगाडि सारिएको कुरा कमरेडहरूलाई अवगत नै छ । तर तत्पश्चात् पनि तराई-मधेसका विभिन्न ठाउँमा असन्तुष्टि, विरोध र दबाबहरू जारी छन् ।

हाम्रो जस्तो विविधतायुक्त समाज एवम् हाम्रो जस्तो प्रक्रियाबाट निर्मित भएको विशेष खालको संरचनायुक्त संविधानसभामा सङ्घीयता जस्तो बिषयमा सर्वसम्मतिको अपेक्षा गर्न सकिँदैन । तर जनताका स्वाभाविक या जायज माग र असन्तुष्टिलाई गलत दिशामा मोड्ने, सामाजिक सद्भाव बिथोल्ने र शान्तिपूर्ण आन्दोलनलाई भड्काएर हिंसा र आतङ्क सिर्जना गर्न भइरहेका प्रयत्नहरूप्रति भने गम्भीर र संवेदनशील बन्नैपर्छ । यसै सिलसिलामा भदौ ७ गते कैलालीको टीकापुरमा संविधान बन्न नदिने दुराशयबाट प्रेरित भएर ८ जना सुरक्षाकर्मी र एकजना अबोध बालकको हत्या गर्ने जस्तो अमानवीय, बर्बर र  विभत्स घटना घटाइको छ । सोही दिन बसेको पार्टी स्थायी कमिटीको बैठकले उक्त घटनाको भर्त्सना गर्दै विशेष प्रस्ताव पारित गरेको छ, जसलाई यसैसाथ सङ्लग्न गरिएको छ ।

सङ्घीयता र प्रदेश सीमाङ्कनका सम्बन्धमा उठेका बिषयहरूलाई यथोचित संबोधन गर्न सकिने कुरा सरकार र मुख्य राजनीतिक दलहरूबाट सार्वजनिक गरिसकिएको छ । यसका लागि आन्दोलन छाडेर वार्तामा आउन सम्बन्धित पक्षलाई आह्वान पनि गरिसकिएको छ । उचित कुराहरूलाई तर्क, औचित्य र न्यायका आधारमा संविधान विधेयकमा संशोधनका माध्यमबाट या सङ्घीय आयोगको सिफारिसमा संबोधन गर्न सकिने कुरा पनि स्पष्ट पारिएको छ । तर यसै बहानामा संविधान बनाउनमा ढिलाइ गर्ने, संविधान बन्नै नदिने या मुलुकलाई अनन्त अस्थिरतातिर लैजाने कुरा किमार्थ स्वीकार्य हुनसक्दैन । त्यसरी नै, सङ्घीय प्रदेशहरूको सङ्ख्या थप गर्दै जाने र

अन्ततोगत्वा एकल जातीय क्लस्टरहरू निर्माण गरेर जातीय राज्यतिर धकेल्दै मुलुकलाई स्थायी द्वन्द्व र हिंसातिर लैजाने कुरा नेकपा (एमाले) मञ्जुर गर्न सक्दैन ।

## ४. संविधान निर्माण तथा सामाजिक सद्भाव कायम राख्न पार्टी पङ्क्तिको भूमिका

संविधान निर्माण गर्न पार्टी नेतृत्व र सभासद्हरूले महत्वपूर्ण भूमिका खेलिरहनुभएको छ । तर संविधान निर्माणको पक्षमा उपयुक्त वातावरण निर्माण गर्न, यस विरुद्ध भइरहेका षडयन्त्रहरूलाई विफल पार्न र सामाजिक सद्भाव सुदृढ गर्न सिङ्गो पार्टी पङ्क्ति क्रियाशील हुनु जरुरी छ । यसका लागि भदौ ९ गते विशेष निर्देशन जारी गरिसकिएको छ । सबै कमरेडहरूको जानकारीका लागि उक्त निर्देशनलाई पुनः सम्प्रेषित गरिएको छ -

१. सबै कमिटीले तत्काल बैठक बसी समग्र राजनीतिक स्थितिको आँकलन गर्ने । सामाजिक सद्भाव बिथोल्न, संविधान जारी हुन नदिन र समाजमा अराजकता, हिंसा एवम् अस्थिरता बढाउन कुनै प्रयाश या गतिविधि भइरहेको भए सूचना प्राप्त गर्ने । सूचनाको गम्भीर विश्लेषण गर्ने र आवश्यक निष्कर्ष निकाल्ने । त्यस्ता सूचनाबारे तत्काल पार्टी केन्द्रीय कार्यालयमा जानकारी गराउने ।

२. सामाजिक सद्भाव एवम् शान्ति कायम गर्न आफ्नो कार्यक्षेत्रको विशिष्टताअनुसार ठोस योजना बनाउने र कार्यान्वयन गर्ने ।

३. सामाजिक एकता र साम्प्रदायिक सद्भाव कायम गर्न स्थानीय तहमा विभिन्न राजनीतिक दल, सामाजिक सङ्घ-संस्था, नागरिक समाज, मिडिया र आम नागरिकहरूसँग समन्वय कायम गर्ने । यसमा हाम्रा पार्टी कमिटीहरूले पहल र अगुवाइ गर्ने ।

४. सामाजिक एकता, साम्प्रदायिक सद्भाव र समाजमा शान्ति सुव्यवस्था कायम गर्न स्थानीय प्रशासनसँग समन्वय गर्ने ।

५. मुलुकका लागि संविधान किन अपरिहार्य छ, यो किन छिटो जारी गर्न जरुरी छ  र संविधान जारी हुन नसक्दा महिला, दलित, श्रमजीवी वर्ग, जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति लगायत उपेक्षित र उत्पीडित समुदायमाथि विद्यमान विभेद कसरी निरन्तर जारी रहन्छ भन्ने सन्देश विभिन्न माध्यमहरूबाट सम्प्रेषित गर्ने ।

६. सङ्घीय प्रदेशहरूको सीमाङ्कनमा केही कुरा चित्त नबुझेको, नमिलेको या कमी रहन गएको भए संविधानलाई अन्तिम रूप दिने अवस्थासम्म तिनलाई सुधार्दै लैजाने ठाउँहरू छन्, त्यसो गरिनेछ र भोलि पनि सङ्घीय आयोगमार्फत् सीमाङ्कनलाई अझ व्यवहारिक, वैज्ञानिक र जनचाहना अनुकूल बनाउन सकिनेछ भन्ने विश्वास जनतासमक्ष स्थापित गर्ने ।

७. संविधानका विभिन्न बिषयबस्तु, विशेषगरी सङ्घीय ढाँचा निर्धारण जस्तो हाम्रो सन्दर्भमा नयाँ, अनुभव नभएको र ठूलो परिवर्तनकारी बिषयमा असन्तुष्टि या गुनासाहरू आउनु स्वाभाविकै हो । तर असन्तुष्टि या गुनासालाई शान्तिपूर्ण, लोकतान्त्रिक र उपयुक्त विधिबाट अभिव्यक्त गर्नु आवश्यक छ र आन्दोलनमा घुसपैठ गरेर, उत्तेजना फैलाएर तथा यसलाई हिंसात्मक स्वरूप दिएर संविधानविरोधी तत्वहरूले अनुचित लाभ उठाउन नसकुन् भनेर सजग हुनु जरुरी छ भन्ने कुरा आन्दोलनरत समूह या पक्षलाई सम्झाउने प्रयाश गर्ने ।

८. हाम्रो पार्टीका कुनै पनि कमिटी, सदस्य या जनसङ्गठनका व्यक्तिहरू कोही पनि अन्य समूहले आयोजना गरेका अराजक गतिविधिमा सहभागी नहोउन् भन्ने कुरामा दृढ रहने । कोही सहभागी भएको भए सम्झाइ-बुझाइ गरी अलग गराउने । पार्टी नीति विपरित गतिविधि गर्ने सदस्य/कमिटीलाई विधानबमोजिम आवश्यक कारबाही गर्ने । त्यसको जानकारी पार्टी केन्द्रमा दिने ।

९. संविधान पक्षधर दल, सामाजिक सङ्घसंस्था, नागरिक समाजलगायत विभिन्न पक्षसँग मिलेर सद्भाव र्‍याली, विचार गोष्ठी र सार्वजनिक

सञ्चारमाध्यममार्फत् सामाजिक सद्भावका लागि सन्देश सम्प्रेषण गर्ने ।

१०. पार्टीका कुनै पनि सदस्यले आफूसम्बद्ध सञ्चारमाध्यम, सङ्घसंस्था या सामाजिक मिडियाबाट सामाजिक सद्भाव र संविधान निर्माणमा सहयोग पुऱ्याउने सामग्री प्रकाशन र प्रसारण गर्ने । सामाजिक सद्भावमा खलल उत्पन्न हुने, जाति या समुदायप्रति घृणा या विद्वेष फैलिने या समाजमा नकारात्मकता, घृणा र दुर्भावना फैलिने खालका सामग्री कस्तै अवस्थामा पनि प्रसारण/प्रकाशन नगर्ने । अपराधीहरूको कुनै विचारधारा, जात, वर्ण या पार्टी नहुने र तिनीहरू नितान्त अपराधी नै हुने हुनाले व्यक्ति/समूह विशेषले गरेका अपराधकर्महरूको चर्चा गर्दा कुनै पनि जात-जाति, भाषा-भाषी, धर्म-संस्कृति या आस्था, राजनीतिक दल या समूह विशेषको प्रतिष्ठामा आँच आउने जस्ता गल्ती नगर्ने । यस्ता कुरामा निरन्तर सजग रहने ।

११. स्थानीय तहमा भइरहेका गतिविधिहरूको अद्यावधिक जानकारी पार्टी केन्द्रीय कार्यालय/ सचिवालयमा पठाइरहने । गम्भीर समस्या उत्पन्न भए तत्काल परामर्श र आवश्यक निर्देशन प्राप्त गर्ने ।

## ५. पार्टी नियमावली सम्बन्धमा

नेकपा (एमाले) को नियमावली-२०५७ (२०७२ को संशोधनसहित) पारित गरी सम्प्रेषित गरिएको छ । नियमावलीमा पार्टी सदस्यता सम्बन्धमा नवौं राष्ट्रिय महाधिवेशनले पारित गरेका र विधानमा उल्लेखित बिषयहरूलाई व्यवस्थित गर्ने काम गरिएको छ । सल्लाहकार परिषद्, जेष्ठ कम्युनिष्ट मञ्च र राष्ट्रिय प्रतिनिधि परिषद्को निर्वाचनसम्बन्धी व्यवस्थालाई स्पष्ट पार्ने काम गरिएको छ । जिल्ला तहमा निर्वाचन कमिटी र लेखा परीक्षण कमिटीलाई व्यवस्थित गर्ने सम्बन्धमा नयाँ व्यवस्था गरिएको छ। पार्टीका ३१ वटा विभागहरूको कार्यक्षेत्र र दायित्वलाई स्पष्ट पार्ने काम गरिएको छ । मोर्चा सङ्गठन, स्वयंसेवी सङ्गठनको गठन र परिचालन लगायत विभिन्न बिषयहरूलाई थप स्पष्ट पार्ने या नयाँ व्यवस्था गर्ने काम गरिएको छ ।

पार्टीका सबै सङ्गठनात्मक र अन्य क्रियाकलापहरूलाई यसै नियमावलीअनुरूप थप व्यवस्थित गर्नुहुन सबै कमरेडहरूलाई निर्देशित गरिएको छ ।

## ६. सदस्यता नवीकरण, राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य निर्वाचन र जिल्ला अधिवेशनहरूका सम्बन्धमा

संविधान जारी हुनासाथ पार्टीको सङ्गठनात्मक संरचनालाई सोहीअनुरूप पुनर्संरचना गरी प्रादेशिक तहमा काम हेर्नेगरी सङ्गठनात्मक व्यवस्थापन गर्नु जरुरी छ । यसका लागि विधानमा आवश्यक संशोधन गर्नु अपरिहार्य हुने र यसका लागि विधान महाधिवेशन आवश्यक पर्ने हुन्छ । यसका लागि राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यको निर्वाचन अनिवार्य हुने र यो निर्वाचन गर्नुपूर्व पार्टी सदस्यताको नवीकरण अपरिहार्य हुने कुरा कमरेडहरूलाई अवगत नै छ । निकट भविष्यमै विधान महाधिवेशन गर्नुपर्ने र त्यसका लागि राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य निर्वाचन गर्ने प्रयोजनका लागि आगामी असोज मसान्तभित्र कमरेडहरूले अनिवार्यरूपमा गत बर्षको सदस्यता नवीकरण सम्पन्न गर्नुहुन निर्देशित गरिन्छ । नवीकृत सदस्यहरूमात्रै निर्वाचनमा उम्मेदवार र मतदाता बन्नसक्ने विधानको प्रावधान र नियमावलीको नियमप्रति ध्यानाकर्षण गराउँदै कमरेडहरूलाई सोहीअनुरूप गर्नु र गराउनु हुन आग्रह गरिएको छ । पार्टी सदस्यता नवीकरणको क्रममा नवौं राष्ट्रिय महाधिवेशनमा बक्यौता रहेको आर्थिक दायित्व पनि फर्स्यौट गर्नुपर्ने कुरा स्मरण गराउन चाहन्छु ।

नवौं राष्ट्रिय महाधिवेशनमा उम्मेदवार भएकोलगायत विविध कारणले रिक्त हुन आएका विभिन्न जिल्लाका पदाधिकारीहरूको पदपूर्ति पार्टी विधान र नियमावलीबमोजिम जिल्ला प्रतिनिधि परिषद्को बैठकबाट यथाशीघ्र गराउनेतर्फ पनि सम्बन्धित कमिटीहरूको ध्यानाकर्षण गराउँछु । कार्यावधि समाप्त भएका जिल्ला कमिटीहरूले ६ महिनाभित्र जिल्ला अधिवेशन आयोजना गरी नयाँ जिल्ला कमिटी गठन गर्नका लागि निर्देशित गरिन्छ । यसअघि निर्वाचित कमिटीहरूको कार्यकाल नवौं महाधिवेशनबाट पारित विधानले व्यवस्था गरेबमोजिम हुने भए पनि अपेक्षित मात्रामा क्रियाशील

हुन नसकेका स्थानमा त्यसभन्दा अगावै पनि अधिवेशन आयोजना गरेर कमिटीहरूलाई गतिशील बनाउनेतर्फ पनि ध्यान दिनुहुन आग्रह गर्दछु ।

## ७. विभाग र अञ्चल समन्वय कमिटीमा मनोनयन सम्बन्धमा

नियमावली प्रकाशन गर्न भएको विलम्बलगायत विभिन्न कारणले केन्द्रीय विभागहरूको गठन र अञ्चल समन्वय कमिटीमा थप सदस्य मनोनयनमा ढिलाइ हुन जाँदा पार्टी काम प्रभावित भइरहेको यथार्थ कमरेडहरूलाई अवगत नै छ । अब यस कामलाई अविलम्ब सम्पन्न गर्ने प्रयोजनका लागि विभागीय प्रमुख कमरेडहरूलाई आफ्नो विभागमा राख्नयोग्य कमरेडहरूको नामसूची (रोष्टर) आगामी भदौ १५ गतेभित्र केन्द्रीय सचिवालयमा पठाउन निर्देशन गरिसकिएको छ । प्राप्त सूचीलाई सङ्गठन विभागबाट आवश्यक जाँच गरी सचिवालयले स्थायी कमिटीमा प्रस्ताव गर्नेछ । सबै विभागीय कमरेडहरूले अविलम्ब सूची उपलब्ध गराउन पुनः आग्रह गरिन्छ । नामावली तयार गर्दा विभागीय उपप्रमुख तोकिएको विभागको हकमा प्रमुख र उपप्रमुख दुबैको परामर्श आवश्यक हुने जानकारी पुनः दोहोर्‍याउन चाहन्छु ।

त्यसरी नै, अञ्चल समन्वय कमिटीको हकमा हाल कायम रहेको सङ्ख्याको ५० प्रतिशत सदस्यहरूको नाम सहमतिले तयार गरी अविलम्ब केन्द्रमा पठाउनुहुन अञ्चल इन्चार्ज/सह-इन्चार्ज कमरेडहरूलाई निर्देशित गरिन्छ ।

## ८. केन्द्रीय सल्लाहाकार परिषद्को गठन

स्थायी कमिटीको निर्णय अनुसार गत असार १० गते ३८ सदस्यीय केन्द्रीय सल्लाहकार परिषद् गठन गरिएको छ । २०७२ असार १२ मा सम्पन्न परिषद्को पहिलो बैठकले कमरेड केशव बडाललाई सल्लाहकार परिषद्को अध्यक्ष चयन गरेको छ । परिषद्का अध्यक्षलगायत सदस्यहरूको नामावली देहायबमोजिम रहेको छ-

१. केशव बडाल
२. भरतमोहन अधिकारी

३. खगराज अधिकारी
४. धर्मनाथप्रसाद साह
५. नरेश खरेल
६. उर्वादत्त पन्त
७. केशवप्रसाद देवकोटा
८. गुरु बराल
९. गङ्गादेवी डाँगी
१०. जितु गौतम
११. टुका हमाल
१२. देवराज भार
१३. देवीप्रसाद ज्ञवाली
१४. नेत्रप्रसाद पन्थी
१५. भानुभक्त जोशी
१६. रघुवीर महासेठ
१७. राजेन्द्र गौतम
१८. रामचन्द्र यादव
१९. ललित बस्नेत
२०. वाचस्पति देवकोटा
२१. विनोद श्रेष्ठ
२२. केशवलाल श्रेष्ठ
२३. अच्युत मैनाली
२४. कमलप्रकाश सुनुवार
२५. कमला सुवेदी
२६. कल्पना चापागाईं
२७. गौरी ओली
२८. गङ्गाप्रसाद यादव
२९. टुकराज सिग्देल
३०. दलबहादुर सुनार

३१. रवीन्द्र बैठा
३२. रामचन्द्र साह तेली
३३. रामेश्वर फुयाँल
३४. चन्द्रबहादुर शाही
३५. गणेश काम्बाङ
३६. रामदयाल मण्डल
३७. एकबहादुर राना
३८. रत्नेश्वर गोइत

अहिले गठित केन्द्रीय सल्लाहकार परिषद्ले केन्द्रीय कमिटीको हालको कूल सङ्ख्याको पचास प्रतिशतमा नबढ्ने गरी थप नामहरु सिफारिस गर्न सक्नेछ । यसरी सिफारिस गरिएका नामहरुलाई केन्द्रीय कमिटीले औपचारिकरुपमा निर्णय गरेपछि सल्लाहकार परिषद्को हालको सङ्ख्या बृद्धि हुन सक्नेछ ।

**८. केन्द्रीय कार्यालय स्थानान्तरण**

बैशाख १२ गतेको विनाशकारी भूकम्पले राष्ट्रका विभिन्न महत्वपूर्ण संरचनाजस्तै नेकपा (एमाले) केन्द्रीय कार्यालयलाई पनि पूर्णरूपमा क्षतिग्रस्त गरेको कुरा कमरेडहरूलाई अवगत नै छ । तर सिङ्गो राष्ट्र बिपत्तिमा परेको बेला पार्टीले आफ्नो समस्यालाई तपसिलमा राख्दै पीडित जनताको उद्धार, राहत र पुनर्स्थापनामा केन्द्रित भयो । यस अवधिमा हामीले मदननगर, बल्खुस्थित पार्टी कार्यालय परिसरमा पाल र त्रिपालहरू खडा गरेर त्यहीँबाटै उक्त अभियान सञ्चालन गऱ्यौं । तर सधैंभरि त्यसैगरी कार्यालय सञ्चालन गरिनु संभव थिएन । पार्टीको नयाँ कार्यालय भवन निर्माण नहुञ्जेलका लागि पार्टीले अस्थायी रूपमा कार्यालय स्थानान्तरण गर्नु आवश्यक थियो । यही आवश्यकतालाई बोध गर्दै २०७२ जेठ ३ गते बसेको स्थायी कमिटी बैठकको निर्णयअनुसार पार्टी केन्द्रीय कार्यालय साउन २३ गतेदेखि काठमाडौं-४ धुम्बाराहीस्थित पासाङ ल्हामु पर्वतारोहण प्रतिष्ठानको भवनमा स्थानान्तरण गरिएको छ । ३ बर्षभित्रमा पार्टीको नयाँ भवन निर्माण गरेर स्थायी रूपमा

सर्ने उद्देश्य राखिएको छ । नेकपा (एमाले)सँग भावनात्मक सम्बन्ध जोडिनुभएकी पासाङ ल्हामु शेर्पाको स्मृतिमा गठित प्रतिष्ठानले सङ्कटको बेलामा पार्टीलाई कार्यालय उपलब्ध गराएर गरेको सहयोगप्रति पार्टीले धन्यवाद व्यक्त गरेको छ ।

**कमरेडहरू,**

मुलुक यतिबेला संविधान निर्माणको निर्णायक बिन्दुमा उभिएको छ । इतिहासको यस युगान्तकारी क्षणमा जनताका आशा, आकाङ्क्षा र मागहरू चर्कोरूपमा प्रकट हुनु स्वाभाविकै हो । संविधानले ती आकाङ्क्षा र मागहरूलाई अधिकतमरूपमा संबोधन गर्नेछ । यद्यपि, समाजका सबै पक्षका सबै मागहरू पूरा हुनु संभव छैन । गणतन्त्रलगायत परिवर्तनका मुख्य उपलब्धि संस्थागत हुने संविधान जारी हुन नदिन यतिबेला अनेकौं दाउपेच, षडयन्त्र र गतिविधिहरू भइरहेका छन् । यस निर्णायक र ऐतिहासिक घडीमा संविधान बन्न नदिने, समाजमा अस्थिरता र अराजकता सिर्जना गर्ने, सामाजिक सद्भाव बिथोल्ने र मुलुकलाई हिंसा, बिखण्डन र बिद्वेषतिर धकेल्ने सबै प्रयाशहरूलाई निस्तेज पार्न एवम् चालु संविधान निर्माण प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन, संविधानले संस्थागत गरेका ऐतिहासिक उपलब्धिहरूलाई संस्थागत गर्न तथा देश र जनताको पक्षमा नेकपा (एमाले)ले खेलेको भूमिकालाई समाजमा स्थापित गर्न एकताबद्ध भएर अघि बढ्न सबै कमरेडहरूलाई हार्दिक आह्वान गर्दछु ।

**केपी शर्मा ओली**
**अध्यक्ष**

*१३ भदौ २०७२*

**परिशिष्ट - १**

## नेकपा (एमाले)
## राष्ट्रिय स्वयम्सेवक परिचालन अभियान
## २०७२ जेठ १० देखि असार १० सम्म

# समीक्षा प्रतिवेदन

**१. आरम्भ**

२०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प तथा १३ र २९ गतेलगायतका पराकम्पनहरूबाट नेपालमा ठूलो मात्रामा जन/धनको क्षति भयो। नेपाल सरकार, राजनीतिक दलहरू, विभिन्न सङ्घ/संस्थाहरू, अन्तर्राष्ट्रिय समुदायलगायतको सक्रियतामा भूकम्पपछिका उद्धार र राहतका कामहरू अघि बढे। अब मुलुक पुनःस्थापना र पुनर्निर्माणको चरणमा आइपुगेको छ। उद्धार र राहतको कार्यलाई प्रभावकारी बनाउन तथा नेपाली जनतालाई आपत पर्दा राजनीतिक पार्टीका नाताले जनताको अगुवा संस्थाको रूपमा आफ्ना प्रतिनिधिहरू आफैँसँग आइपुग्छन् भन्ने मान्यता स्थापित गर्न नेकपा (एमाले)ले एक महिना लामो स्वयम्सेवक परिचालन अभियान सञ्चालन गरी यस काममा अगुवाइ गऱ्यो। एक महिना नेपालका गाउँ बस्तीहरूमा रातो ज्याकेट र रङ्गीचङ्गी हेलमेट लगाएका स्वयम्सेवकहरूले अभूतपूर्व स्वयम्सेवा गरे। प्रचण्ड गर्मी, भौगोलिक विकटता र मौसमी प्रतिकूलता तथा बन्दोबस्तीको असहजतालगायतका अप्ठ्याराहरूको प्रवाह नगरी बिहान भालेको डाँकदेखि बेलुका झ्याउँकिरी बास्दासम्म सक्रिय ती पौरखी मानिसहरू नेकपा (एमाले)का कर्मठ सिपाही र कार्यकर्ताहरू थिए।

यो अभियान राष्ट्रियरूपमा मात्र होइन, अन्तर्राष्ट्रियस्तरमा समेत चर्चित हुनपुग्यो। यस अभियानको वस्तुनिष्ठ र सही समीक्षा र यसबाट निकालिने निष्कर्षले आगामी दिनमा सिङ्गो राष्ट्रका लागि यस्ता काममा मार्गदर्शन

गर्नसक्दछ । यसको अभिलेख धेरै अध्येताहरूका लागि खोज र अध्ययनको सामग्री बन्न सक्दछ । कुनै पनि अभियानको वस्तुपरक प्रतिवेदन त्यसमा संलग्न व्यक्तिहरूको मूल्याङ्कन तथा पुरस्कार र दण्डका लागि आधार बन्न सक्दछ ।

२०७२ असार २५ गते बसेको स्वयम्सेवक परिचालन अभियान सचिवालयको बैठकले यो अभियानको प्रतिवेदन तयारीका लागि कमरेडहरू योगेश भट्टराई, शङ्कर पोखरेल, कृष्णगोपाल श्रेष्ठ, सूर्य थापा, ठाकुर गैरे र निरज आर्चाय रहेको प्रतिवेदन मस्यौदा टिम निर्माण गरेको थियो । उक्त टिमले प्रतिवेदनका विभिन्न शीर्षक तय गरी सामूहिकरूपमा यो प्रतिवेदन तयार गरी स्वयम्सेवक परिचालन समितिसमक्ष प्रस्तुत गरेको छ । र, समितिको बैठकले पारित गरी केन्द्रीय कमिटीसमक्ष पेस गरेको छ ।

## २. पृष्ठभूमि

केही वर्षदेखि नेपाल र अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले नेपाल भूकम्पीय दृष्टिले उच्च जोखिममा रहेको कुरा सम्प्रेषण गरिरहेका थिए । त्यस विषयमा जनचेतनाको क्रम सुस्त गतिमा चलिरहेको थियो । राज्य र सम्बन्धित निकायहरूले कागजी रूपमा केही योजना बनाउँदै पनि थिए । तर उच्च सतर्कता र आवश्यक पूर्व तयारीको चरणमा पुग्न नपाउँदै वैशाख महिनामा विनाशकारी स्वरूपमा पटक-पटक भूकम्प आए । त्यसको विनाशलाई नेपाली समाजले अनुमानै गर्न सकेन । भूकम्प र लगातारका पराकम्पनहरूले मानिस र समग्र नेपाली समाजका सीमित प्रयत्नहरूलाई समेत अस्थिर बनाइरह्यो । भूकम्पले नौ हजारको हाराहारीमा मानिसहरूको ज्यान लियो भने करिब २२ हजार जना घाइते हुनपुगे । करिब ८ लाखजति निजी घरहरू ध्वस्त भए भने आठ हजारको सङ्ख्यामा शैक्षिक केन्द्रहरू क्षतिग्रस्त बने । नेपालका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक संरचना तथा सम्पदाहरू भग्नावशेषमा परिणत हुनपुगे । कुलमा खर्बौंको धनमाल तथा भौतिक सम्पत्ति विनाश भयो । हाम्रा लागि यो एक शताब्दीयताको अत्यन्त भयानक र ठूलो विपत्ति थियो ।

राज्यको केन्द्रीय सचिवालय सिंहदरबारलगायतका सरकारी अड्डामा

क्षति भएर नियमित कामकाजमा असहजता उत्पन्न हुनपुग्यो । कतिपय स्थानमा बाटो/घाटो नै बन्द भएर सहज आवत-जावत र आपूर्तिमा समस्या उत्पन्न हुनपुग्यो । कर्मचारी तथा सेना/प्रहरीका घर परिवार र कार्यालयहरू समेतमा हुनपुगेको क्षतिले अहसज स्थिति पैदा भयो । राजनीतिक पार्टीका नेता, कार्यकता, मन्त्री, प्रधानमन्त्री र राष्ट्रपतिसमेत विनाशकारी भूकम्पवाट प्रभावित हुनपुग्दा सुरुका केही दिनहरू अन्यौलपूर्ण अवस्थामा बिते ।

०७२ वैशाख १२ गते दिउँसो ११:५६ को भूकम्पले नेपाली गाउँ/बस्तीलाई सङ्कटको भुमरीमा धकेल्नासाथ हाम्रो पार्टीका तर्फबाट अध्यक्ष कमरेड केपी शर्मा ओलीले लिखित वक्तव्य जारी गरी उद्धार र राहतको काममा सक्रिय हुन अपिल गर्नुभयो । त्यसको भोलिपल्ट वैशाख १३ गते पार्टी स्थायी समितिको आपत्कालीन बैठक आयोजना गरियो । पार्टी केन्द्रीय कार्यालयसमेत क्षति भएर कामै नलाग्ने अवस्थामा पुगेका बेला मदननगर परिसरस्थित खुलाचौरमै स्थायी सामितिको बैठक बस्यो । त्यहीबेला दोस्रो दिनको ठूलो भूकम्पको सामना गर्नुपऱ्यो, जसले मनस्थिति र परिस्थितिलाई अझ त्रसित बनाइदियो । त्यस्तो जोखिमपूर्ण परिस्थितिमा पनि पार्टीको औपचारिक बैठक बसेर तत्काल राहत र उद्धारमा जुट्न आह्वान गर्ने पहिलो पार्टी नेकपा (एमाले) नै थियो । सोही दिनको बैठकबाट पार्टी महासचिव कमरेड ईश्वर पोखरेलको संयोजकत्वमा 'भूकम्प पीडित उद्धार तथा राहत केन्द्रीय समन्वय समिति' निर्माण गऱ्यो । साथै, कृषि विकास बैङ्कको कालिमाटी शाखास्थित 'नेकपा (एमाले) प्राकृतिक विपत्ति राहत कोष'को नाममा रहेको ०२१०३००७१७९१७०१० नं. को खातालाई भूकम्प पीडितका लागि आर्थिक राहत सङ्कलनका लागि सञ्चालन गर्ने र उक्त कोषमा पार्टीका तर्फबाट ५० लाख जम्मा गर्ने निर्णय भयो । केन्द्रीय समन्वय समितिका आठवटा बैठकद्वारा यसबीचको उद्धार, राहत, स्वयम्सेवक परिचालन र समन्वयजस्ता कामको संस्थागत र नीतिगत अगुवाइ गर्दै अत्यावश्यक निर्णयहरू गरिएको छ । ती निर्णयहरू विभिन्न मितिमा एक निर्देशन र तीनवटा विशेष निर्देशनमार्फत् पार्टीपङ्क्तिमा सम्प्रेषण गरिसकिएको छ ।

भूकम्प प्रभावित क्षेत्रमा मात्र होइन, प्रभावित नभएका ठाउँहरूमा समेत उद्योगधन्दा, कलकारखाना, बजार, व्यवसाय, सरकारी कार्यालय,

शिक्षण संस्था, यातायात आदि सबै ठप्प हुँदा उद्धार र राहतको काममा समस्या उत्पन्न भयो । त्यही कठिन परिस्थितिको आँकलन गरी हाम्रो पार्टीले वैशाख १६ गते प्रधानमन्त्रीसमक्ष १० बुँदे सुझाव पेस गरेर उद्धार र राहत कार्यलाई प्रभावकारी बनाउन जोड दियो । वैशाख २० गते पार्टी स्थायी समितिले विशेष प्रस्ताव पारित गरी उद्धार र राहतको कामलाई प्रभावकारी बनाउन, त्यसका लागि सरकारको नेतृत्वमा सबै राजनीतिक दलका युवा-विद्यार्थीलगायतलाई स्थलगतरूपमा परिचालित गर्न, प्रभावित क्षेत्रमा निश्चित ठाउँमा उद्धार र राहतको केन्द्र स्थापना गरी त्यसैमार्फत परिचालित हुन, सरकारका मन्त्रीहरूलाई जिल्ला-जिल्लामा कामको अगुवाइ गर्न स्पष्ट कार्यादेशसहित पठाउन र अन्तर्राष्ट्रिय समुदायलाई ठोस सहयोगको प्रस्तावसहित आह्वान गर्न सरकारको ध्यानाकर्षण गऱ्यो । मुलुकले सामना गर्नुपरेको अभूतपूर्व विपत्तिका बारेमा छलफल गर्न तत्काल व्यवस्थापिका-संसद्को बैठक आह्वान गर्नसमेत पार्टीले माग गऱ्यो । तर, सरकारका तर्फबाट पर्याप्त संयोजन र प्रभावकारी कार्यान्वयनमा ढिलासुस्ती एवम् समस्या देखापऱ्यो । पूर्वतयारीको अभाव, साधनस्रोत र अनुभवको अभावका कोणबाट हेर्दा यो स्वाभाविक भए पनि उद्धारको चरणदेखि नै सरकारको नेतृत्व भने नेतृत्वकारी भूमिकाका दृष्टिले कमजोर नै रहेको स्वीकार गर्नुपर्दछ ।

पार्टीसम्बद्ध विभिन्न सङ्गठन तथा पार्टीका कमरेडहरूले त्यस क्षणमा तत्काल आफूले जानेको र सकेको काम गरे । भूकम्पका कारणले आफू र आफ्नो परिवारसमेत गम्भीररूपमा प्रभावित भएको अवस्थामा पनि पार्टीका नेता तथा कार्यकर्ताहरूले मृतकहरूको व्यवस्थापन गर्ने, घाइतेलाई अस्पताल पुऱ्याउने, जोखिममा रहेका मानिसको उद्धारमा सघाउने, अस्थायी शिविरहरूमा खानेकुरा, पानी र औषधी वितरण गर्ने, सरसफाइ गर्नेलगायतका तत्कालीन अत्यावश्यक काममा हाम्रा कमरेडहरूले सुरक्षाकर्मीसँग मिलेर र एक्लै पनि थुप्रै कामहरू गर्नुभयो ।

राष्ट्र र जनतालाई गम्भीर सङ्कट आइपरेको बेलामा एउटा राजनीतिक पार्टी, त्यसमा पनि प्रगतिशील तथा जनपक्षीय चरित्र भएको पार्टी हुनुका नाताले नेकपा (एमाले) जनताको दुःखमा एकाकार हुनैपर्ने जरुरी थियो, जुन काम सङ्गठित र योजनाबद्धरूपमा गर्नैपर्दथ्यो । जनउत्तरदायित्व र

मानवीय संवेदनालाई ख्याल गर्दै हाम्रो पार्टीले वैशाख २२ गते पहिचानसहित स्वयम्सेवक परिचालन गर्न कमरेड गोकर्ण विष्टको नेतृत्वमा ९ सदस्यीय समिति गठन गरेर कामको सुरुआत गऱ्यो । यो काम सरकारको नेतृत्वमा सबै राजनीतिक पार्टी तथा सङ्घ/संस्थाको सहभागितामा सम्पन्न होस् भनेर हामीले सरकारको नेतृत्वको पटक-पटक ध्यानाकर्षण गरायौँ । सरकारका सम्बद्ध निकायहरूमा नीति, योजना र कार्यक्रमसहितको प्रस्ताव पनि पठायौँ । सबै पार्टीका मानिसहरू, सेना, प्रहरी र कार्मचारी र सामाजिक कार्यकर्ता एउटै ताल र लयमा परिचालित हुँदा त्यसले जनतामा पैदा गर्ने उत्साहको स्तर धेरै माथि हुने निश्चित थियो । अन्तर्राष्ट्रिय समुदायमा नेपालको प्रस्तुति धेरै उत्साहजनक हुने थियो, पुनर्निर्माण तथा पुनःस्थापनाको दीर्घकालीन प्रयत्नमा प्रभावकारी परिणाम ल्याउन सकिन्थ्यो । त्यसकारण हामीले सरकारलाई घच्घच्याएका थियौँ, तर, त्यसो गर्न सम्भव भएन । जतिबेला सबै सक्रिय हुनुपर्ने थियो, यस्ता प्रयत्नहरूमा लाग्दा अल्मलिने मात्रै काम भयो । अनि पार्टीले सोच्यो- अब नेकपा (एमाले)ले राष्ट्रियस्तरमै स्वयम्सेवक परिचालन अभियान सञ्चालन गर्नुपर्दछ । त्यसैअनुरूप जेठ ३ गते पार्टी स्थायी समितिको बैठक बस्यो र सो बैठकले पार्टी सचिव कमरेड गोकर्ण विष्टको संयोजकत्वमा २ सय २३ सदस्यीय राष्ट्रिय स्वयम्सेवक परिचालन समिति बिस्तार गरी अभियानलाईं सङ्गठित र एकीकृत र राष्ट्रिय स्वरूप प्रदान गऱ्यो ।

## ३. अभियानको तयारी र संरचना

राष्ट्रिय स्वयम्सेवक परिचालन समितिको पहिलो बैठक जेठ ५ गते बागबजारस्थित हार्दिक होटलमा आयोजना गरियो । उक्त बैठकले स्वयम्सेवक परिचालनको कामलाई प्रभावकारी र व्यवस्थित गर्नका लागि विभिन्न उपसमितिहरू निर्माण गऱ्यो । साथै, सचिवालयसमेत गठन गऱ्यो । *(परिचालन समिति, सचिवालय तथा उपसमितिको नामावली आदि अनुसूचीमा संलग्न रहेको छ)* स्वयम्सेवक परिचालनको सन्दर्भ, औचित्य, अपेक्षा, उद्देश्य, अभियानको जनशक्ति, अभियानको संरचना, गर्नुपर्ने कामहरू, अभियानको समयावधि, अभिमुखीकरण, त्रसित तथा अन्य आर्थिक व्यवस्थापन, आचारसंहिता, राज्यसँगको समन्वय, कार्यालय, मिडिया संयोजन, प्रतिवेदन र शपथ-

ग्रहणसहितका शीर्षकमा तयार गरिएको निर्देशिका पार्टी स्थायी समितिले पारित गऱ्यो । एकमहिने अभियान यही निर्देशिकाको आधारमा सञ्चालित भयो । यसैगरी, सचिवालयका जेठ ५, २६ र असार २५ गते सम्पन्न तीनवटा बैठकले आवश्यक महत्त्वपूर्ण निर्णयहरू गरिएको छ । अन्य जरुरी काम कार्यालय टिमको समझदारी र निर्णयबमोजिम सम्पादन भएका छन् ।

०७२ जेठ ७ गते ललितपुर (धोबीघाट)को सिद्धार्थ कटेजमा श्रम अभियानमा जाने स्वयम्सेवकहरूका लागि अभिमुखीकरण कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रममा पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीले अभियानमा खट्ने स्वयम्सेवकहरूलाई विशेष निर्देशन दिनुभयो । कार्यक्रमा संयोजक गोकर्ण विष्टले कामका योजनाहरू प्रस्तुत गर्नुभयो । गृह मन्त्रालयका सहसचिव रामेश्वर दङ्गाल, राष्ट्रिय योजना आयोगका तर्फबाट सचिवलगायतका इन्जिनियरले कार्यथलोमा गर्ने कामका बारेमा प्रशिक्षणमूलक प्रस्तुति राख्नुभयो । कार्यक्रमको सञ्चालन पार्टी सचिव योगेश भट्टराईले गर्नुभयो । उक्त अभिमुखीकरणपछि तोकिएका टोली नेताको अगुवाइमा टिम निर्माण भयो र सबै टिम आ-आफ्नो कार्यक्षेत्रमा जानका लागि आवश्यक तयारीमा जुट्यो ।

आन्तरिक तयारी पूरा गरेपछि जेठ १० गते काठमाडौँको भृकुटीमण्डपको मैदानमा स्वयम्सेवक टोलीको बिदाइ कार्यक्रम आयोजना गरियो । राता ज्याकेट र रङ्गीचङ्गी हेलमेटमा आएका स्वयम्सेवकहरूलाई पार्टी अध्यक्ष केपी शर्मा ओली, नेता माधवकुमार नेपाल र संयोजक गोकर्ण विष्टले निर्देशनसहित निर्माण सामग्री हस्तान्तरण गरेर बिदाइ गर्नुभयो । कार्यक्रमको सञ्चालन पार्टी केन्द्रीय सचिवालय सचिव प्रदीप ज्ञवालीले गर्नुभयो । यस्ता बिदाइ कार्यक्रम मदननगर-बल्खु, बेँसीशहर-लमजुङ, पोखरा-कास्की, हेटौँडा-मकवानपुर, कमलामाई-सिन्धुली, बनेपा-काभ्रे, सल्लेरी-सोलुखुम्बु र ओखलढुङ्गामा पनि आयोजना गरियो । यसरी नेकपा (एमाले)को स्वयम्सेवक टोली २६ जिल्लाका ७७ वटा निर्वाचन क्षेत्रमा एकैसाथ परिचालित भयो ।

### ४. उद्देश्यमा एक दृष्टि

यस अभियानका निम्ननुसार उद्देश्यहरू रहेका थिए :-

- भूकम्पपीडितहरूसमक्ष तपाईंहरूको पीडामा सिङ्गो देश साथमा छ

भन्ने एकता र सह-अनुभूतिको सन्देश प्रवाह गर्नु ।

- यस विपत्तिको मिलेर सामना गर्न सकिन्छ र यसमाथि विजय हासिल गर्न सकिन्छ भन्ने मनोबल विकास गर्न सहयोग गर्नु ।
- राहत र पुनःस्थापनाका कामहरूमार्फत् भूकम्पपीडितहरूलाई सहयोग गर्नु ।
- स्थानीय साधन, स्रोत र श्रमको परिचालन गरी भूकम्पमा घरबार गुमाएकाहरूका लागि अस्थायी आवासको निर्माणमा सहयोग गर्नु ।
- भत्केका घरबाट खाद्यान्न र अन्य सामान निकाल्न सहयोग गर्नु, खेतीपातीका काममा मद्दत गर्नु ।
- क्षतिग्रस्त विद्यालय र सार्वजनिक महत्त्वका संस्थाहरू सञ्चालनका लागि सहयोग पुऱ्याउनु ।
- मनो-सामाजिक परामर्श र स्वास्थ्योपचारका माध्यमबाट भूकम्पका कारण शारीरिक र मानसिक चोट, आघात र पीडा भोगिरहेका नागरिकहरूलाई त्यसबाट मुक्त हुन सहयोग गर्नु ।
- सम्बन्धित ठाउँको पुनर्निर्माणका लागि आवश्यकता र ढाँचाको पहिचान गर्नु र सुझाव सङ्कलन गर्नु ।
- राज्य तथा विभिन्न सङ्घसंस्थाबाट उपलब्ध गराइएका राहत र पुनर्निर्माणका कार्यक्रम लक्षित समूहसम्म पुगे-नपुगेको र त्यसको वितरण निष्पक्षढङ्गले भए-नभएको अनुगमन गर्नु र आवश्यक परेमा सम्बन्धित निकायमा ध्यानाकर्षण र सहजीकरण गर्नु ।
- पार्टी र जनताबीचको सम्बन्ध सुमधुर बनाउन सहयोग गर्नु ।

उपरोक्त उद्देश्यमाथि दृष्टि लगाउँदा अहिले यस अभियानले उल्लिखित उद्देश्यहरू हासिल गर्न सफल भएको हाम्रो निष्कर्ष रहेको छ । अभियानको क्रममा अस्थायी घर/संरचनामार्फत हामी लाखौँ जनतालाई खुला आकाशमुनिबाट ओतमा पुऱ्याउन सफल भयौँ । भग्नावशेषहरू पन्छाएर हजारौँ श्रमिकले लगाएर करोडौँको लागतमा गर्ने कामलाई हाम्रा

स्वयम्सेवकहरूले आफ्नो शारीरिक श्रम र आफ्नो निजी खर्चबाट केही दिनमै सम्पन्न गरेका छन् । विद्यालयका कक्षाकोठाहरू निर्माण गरी लाखौँ विद्यार्थी र हजारौँ शिक्षकहरूलाई शैक्षिक गतिविधितर्फ फर्काउन सफल भएका छौँ । यस अभियानका क्रममा सयौँको सङ्ख्यामा घाइतेहरूको स्थलगत रूपमा उपचार गरिएको छ । भूकम्पका कारण मानसिक तनावमा रहेका दिदीबहिनी तथा दाजुभाइहरूलाई यसक्रममा सहजीकरण गर्ने काम भएको छ । मधेसका स्वयम्सेवकहरू पहाडमा गएर उत्साहका साथ काम गरे । बाहुन/क्षेत्री, जनजाति, मधेसी, दलित, महिला सबैले एउटै टिममा काम गरेका छन् । ग्रामीण बस्तीहरूबाट नेपालको राष्ट्रिय एकता र जातीय सद्भावको सन्देश फैलाउन यो अभियान सफल भएको छ । सेना, प्रहरीमात्र होइन, कतिपय स्थानमा नेपाली कांग्रेस, एमाओवादी, विप्लव नेतृत्वको माओवादीसमेतका कार्यकर्ताहरूले हाम्रा स्वयम्सेवक सँगसँगै काम गर्न पाए, जसले नेपालीहरूले विपद्मा राजनीतिक र अन्य सीमालाई छोडेर राष्ट्रिय भावनाका साथ काम गर्न सक्दछन् भन्ने सन्देश प्रवाह भएको छ । पछिल्लोकालमा खुद हाम्रो पार्टीमा सुविधाभोगी चिन्तन र कार्यशैलीको प्रभाव देखिँदै अएको सन्दर्भमा यो कठिन काम पार्टीका स्वयम्सेवकले गर्न सक्लान र ? भन्ने जस्ता प्रसस्तै आशङ्का र प्रश्नहरू नउठेका होइनन् । यो हाम्रा लागि गम्भीर चुनौतीको पक्ष थियो । तर, हाम्रा स्वयम्सेवकहरूले अत्यन्तै प्रतिकूलताको बीचमा दिनमा १८ घन्टासम्म काम गर्नुभयो । कतिपय कमरेडहरूले लगातार डेढ महिनासम्म काम गर्नुभयो । खाने, बस्ने र अन्य असुविधा सहेर पनि जनतासँगै बस्नुभयो । यसले जनतासँग एकाकार हुने अभियानको उद्देश्यलाई परिपूर्ति गरेको छ । राम्रो सीप र दक्षता नभएका, हातमा ह्याम्बर, गैंती, फरुवा, किला, काँटा बोकेर बस्तीमा पसेका पार्टीका स्वयम्सेवकहरूले जसरी स्कुल र अस्थायी घर बनाउनुभयो, सार्वजनिक स्थल, पाटी, पौवा, मठ, मन्दिरहरू सफा गरेर र अवरुद्ध भएको बाटो खोलेर काम गर्नुभयो, त्यसले जनजीवनलाई सहज बनाउन सहयोग पुग्यो । यसले यदि हामी सबैमा इच्छाशक्ति, अठोट, धैर्य, लगनशीलता र सही नेतृत्व हुने हो भने हाम्रो राष्ट्र हामी आफैँले निर्माण गर्न सक्षम छौँ भन्ने सन्देश प्रवाह गरेको छ । यस अभियानले पार्टीको आन्तरिक शुद्धीकरणमा सहयोग पुऱ्याएको छ । पार्टीको आन्तरिक एकताका लागि सकारात्मक

वातावरण निर्माण गरेको छ । हाम्रा पाइलाहरूलाई सङ्कटको समयमा जनतातिर फर्काइदिएको छ । अभियानकै क्रममा हाम्रा स्वयम्सेवकहरू र कतिपय ठाउँमा स्थानीय पार्टी कमिटीहरूलबाट कार्यक्रम नै आयोजना गरेर नेपालको नवनिर्माणका बारेमा पार्टीका धारणाहरू जनसमक्ष प्रस्तुत गर्ने कामसमेत भएको छ । यसरी यो अभियान निर्धारित उद्देश्यहरू हासिल गर्न धेरैहदसम्म सफल भएको छ ।

**५. स्थानीय पार्टी कमिटीहरूको परिचालन**

सुरुमा १७ जिल्लाका ५१ निर्वाचन क्षेत्रमा, पछि थप ८ जिल्लाका २४ निर्वाचन क्षेत्रमा सञ्चालित यो अभियान अन्तिममा ताप्लेजुङसमेत समावेश भई २६ जिल्लाका ७७ निर्वाचन क्षेत्रमा सञ्चालन भएको सर्वविदितै छ । यो अभियान मूलतः पार्टीको सामर्थ्य, जनशक्ति, श्रम र व्यवस्थापनमा सञ्चालन भयो । यसको निर्देशिकामा वडा, गाउँ, निर्वाचन क्षेत्र, जिल्ला कमिटी तथा तिनका नेतृत्वका निम्ति स्पष्ट परिभाषित जिम्मेवारी तोकिएको थियो । साथै, स्वयम्सेवकहरूले गर्नुपर्ने काम, टोलीको संरचना, कार्यसम्पादन र रिपोर्टिङको समेत काम निर्धारित थियो । जिल्लास्तरमा स्वयम्सेवकहरूले गर्नुपर्ने कार्यक्षेत्र (गाविस, नगरपालिका र वडा) छनोटदेखि स्वयम्स्वेकहरूको बसोबास, खानपान र अनुगमन कार्यको व्यवस्थापनमा स्थानीय पार्टी कमिटीहरूको संलग्नता र सक्रियता अनिवार्य गरिएको स्पष्टै छ । तसर्थ, गाउँ र कार्यस्थल छनोट जिल्ला कमिटी र निर्वाचन क्षेत्रीय कमिटीहरूले गरे । प्रभावित जिल्लाहरूमा पार्टी अध्यक्षदेखि स्थायी कमिटीका सदस्यहरूलाई अनुगमनका लागि खटाइएको थियो । सबै नेता कमरेडहरूले बडो उत्साहजनकरूपमा स्थलगत अनुगमन र प्रोत्साहन मात्रै गर्नुभएन, राज्यका कामहरूको समेत अनुगमन हुन पुगेर उद्धार राहत र पुनर्निर्माण कार्यमा सहज वातावरण निर्माण गर्न सहयोग पुग्यो । स्वयम्सेवक परिचालनको संयोजनका लागि मूलतः सम्बन्धित जिल्ला कमिटीको इन्चार्ज कमरेडहरूलाई जिम्मेवारी तोकिएको भए तापनि निर्वाचन क्षेत्रहरूको तहसम्मै संयोजनकर्ताको काम गर्न पार्टीका पोलिटब्युरो र केन्द्रीय सदस्य कमरेडहरूको प्रत्यक्ष नेतृत्व र जिम्मेवारी तोकिएको थियो । तदनुरूप सबै ठाउँमा जिम्मेवारी बहन गर्ने काम उत्साहका साथ भयो । यस अभियानभरि निर्वाचित

सभासद् र २०७० को संविधानसभाका उम्मेदवार कमरेडहरूलाई पनि सम्बन्धित क्षेत्रमै खटाइएको थियो । खटिएका स्वयम्सेवकहरूले आफ्नो टोली नेता चयन गरी सम्बन्धित क्षेत्रका संयोजनकर्ता केन्द्रीय सदस्य कमरेडसँग समन्वय गर्ने जिम्मेवारीसमेत निर्धारण गरिएको थियो । र, पार्टी जिल्ला कमिटीका अध्यक्षलाई समग्र व्यवस्थापन मिलाउन र काममा आइपर्ने समस्याहरूको समाधानका निम्ति सहयोग पुऱ्याउन जिम्मेवारी प्रदान गरिएको थियो ।

उल्लिखित प्रबन्धअनुरूप आमरूपमा नै स्वयम्सेवक परिचालन कार्य व्यवस्थित भयो । पार्टीका जिल्ला कमिटी अध्यक्षदेखि जिम्मेवार नेता र सदस्यहरू स्वयम् नै प्रत्यक्ष श्रमदानमा जुटेर पीडितहरूको दुःखमा सहयोग पुऱ्याउनुभयो । यसक्रममा इलाम र सङ्खुवासभाबाट सोलुखुम्बु, कोसी (मोरङ, तेह्रथुम, सुनसरी र धनकुटा)बाट धादिङ, झापा र ताप्लेजुङबाट भक्तपुर, सिरहा, सप्तरी र उदयपुरबाट ओखलढुङ्गा पुगेर स्वयम्सेवक टोलीहरूले भूकम्पपीडित जनताको सेवा, अस्थायी घर-आवास निर्माण र विद्यालय/क्याम्पसहरूको निर्माण कार्यमा गरेको योगदान उदाहरणीय रहेको छ । कतिसम्म भने अभियान जारी रहेकै बखत ताप्लेजुङका खोक्लिङलगायत चारवटा गाविसमा भीषण पहिरो आएर धनजनको व्यापक क्षति हुँदा ताप्लेजुङ जिल्ला कमिटीका अध्यक्ष, उपाध्यक्ष र धेरैजना जिम्मेवार नेताहरू भक्तपुर क्षेत्र नं. १ को निर्धारित कार्यस्थलमा नै क्रियाशील रहनुभएको अवस्था थियो । यो आफैँमा महत्त्वपूर्ण र उल्लेखनीय पक्ष हो । पश्चिम नेपालका लुम्बिनी, गण्डकी, राप्ती, भेरी, कर्णाली, सेती र महाकाली अञ्चलबाट समेत पार्टी कमिटीहरूको प्रबन्धमा स्वयम्सेवकहरू जस्तो कि- लुम्बिनी (रूपन्देही/कपिलवस्तु)बाट धादिङ, अर्घाखाँची, गुल्मी, पाल्पा र नवलपरासीबाट रसुवा पुगेर निर्धारित स्थानमा स्वयम्सेवा कार्यमा जुट्नुभयो । कास्की र लमजुङबाट गोरखा, प्युठान, दाङ, रोल्पा, रुकुम र सल्यानबाट सिन्धुपाल्चोक र दोलखा, बाँकेबाट धादिङ, सुर्खेतबाट सिन्धुपाल्चोक तथा कैलालीबाट धादिङ र कञ्चनपुरबाट नुवाकोट पुगेर स्वयम्सेवकहरू परिचालित हुनुभयो । कर्णालीबाट रामेछाप पुगेको टोलीले त्यहाँ उल्लेखनीय स्वयम्सेवा गऱ्यो । धेरैजसो जिल्ला र निर्वाचन क्षेत्रमा

कमिटीका संस्थागत बैठकहरू आयोजना गरी अभियानलाई व्यवस्थित, संयोजित र परिणाममुखी बनाउने प्रयत्न रह्यो । तर, अधिकांश जिल्लामा जिल्ला र निर्वाचन क्षेत्रका अगुवा नेताहरू र बढी यस कार्यमा खट्नुभयो । सिङ्गो कमिटी र आम पार्टीपङ्क्ति परिचालन गरी अभियानलाई बढीभन्दा बढी सहभागितामूलक र उपलब्धिमूलक बनाउने काममा केही कमी रह्यो । जहाँ-जहाँ कमिटीहरूको व्यवस्थित परिचालन भयो, त्यहाँ-त्यहाँ धेरै उपलब्धि हासिल भयो । यस हिसाबले भन्नुपर्दा अभियानलाई अझ बढी प्रभावकारी र व्यवस्थित गर्न स्थानीय कमिटी र पार्टी सदस्यहरूलाई परिचालन गर्न पुगेन । कतिपय ठाउँमा पार्टी महाधिवेशनको ह्याङओभर तथा गुटगत रबैया र सम्बन्धित नेतृत्वकर्ताको नेतृत्व क्षमता तथा संयोजन कार्यको सीमाले समेत काममा प्रभाव पार्नु अत्यन्त स्वाभाविक थियो ।

यस अभियानका क्रममा नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट), पेसागत महासङ्घ, सम्पर्क समन्वय कमिटी, महिला, युवा, विद्यार्थी, मुक्ति समाज, खेलकुद महासङ्घ, मुस्लिम इत्तेहाद र लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घलगायतका जनसङ्गठनका स्वयम्सेवकहरू परिचालित हुनुभयो ।

### ५.१. जनसहयोग

पार्टीले जारी गरेको निर्देशिकाले नै यस अभियानको क्रममा पीडित जनतामाथि बोझ पर्नेगरी कुनै सहयोग नलिने स्पष्ट गरेको थियो । तसर्थ, स्वयम्सेवकहरूले आफ्नो बसाइ, खानपान र सेवा-सुविधाका लागि स्थानीय जनतालाई कुनै प्रकारको बोझ दिने काम गर्नुभएन । आफैं कष्टसाध्य पीडा भोग्न विवश जनसमुदायको नियतिलाई बुझेर नै पार्टीले यसढङ्गको विशेष निर्देशन जारी गरेको थियो । तर, यसो भन्नुको मतलब नयाँ ठाउँ, परिवेश र क्षेत्रमा स्वयसेवा कार्यमा जुट्न पुगेका स्वयम्सेवकहरूलाई स्थानीय पार्टी कमिटीहरूले यथोचित व्यवस्थापन र ध्यान पुऱ्याउनु नै नपर्ने हो कि भन्ने खालको गलत बुझाइसमेत विभिन्न क्षेत्रमा रह्यो । बाहिरबाट स्वयम्सेवकहरू आउँछन्, तिनले निर्माणको काम गरिदिन्छन्, हामीले केही गर्नुपर्दैन- जस्तो बुझाइका साथ व्यवहार गरेकोसमेत कहीँ-कहीँ देखियो । यसको सीधा प्रभाव स्थानीय स्वयम्सेवकहरूको परिचालनमा

पनि पऱ्यो । फलस्वरूप जुन सङ्ख्या र मात्रामा (सामान्यतः आधा हिस्सा नै) स्थानीय स्वयम्सेवकहरूको परिचालन गर्ने जुन अपेक्षा गरिएको थियो, त्यसखालको संयोजन, व्यवस्थापन र परिचालनमा कमी रह्यो । यस स्थितिमा स्वयम्सेवा अभियान केन्द्रीकृतरूपमा परिचालित स्वयम्सेवकहरूमा नै बढी निर्भर र आधारित भयो । फलतः स्थानीय जनताको सहयोग, परिचालन र राजनीतिक सन्देश प्रवाहको काममा कमीको स्थिति खड्कियो । यसले स्वयम्सेवकहरूको बसाइ, खानपिनको व्यवस्थापन, यातायात, प्रयोग गर्ने औजार आदिको बन्दोबस्ती आदिमा समेत प्रायः केन्द्रमुखी हुने स्थिति विद्यमान रह्यो । स्थानीय पार्टी कमिटी र जिम्मेवार नेताहरूको परिचालनको स्थिति कतिपय स्थानहरूमा ज्यादै कमजोर र अव्यवस्थित भएको अनुभूतिसमेत रहेको छ । पार्टीका कमिटी र नेता-कार्यकर्ता र सदस्यहरू नै आफ्नो विशेष जिम्मेवारीबोध गरी अभियानमा सक्रिय नहुँदा त्यसको प्रभाव स्थानीय पार्टी र जनपरिचालनमा पर्नु अत्यन्तै स्वाभाविक भयो नै ।

स्थानीय पार्टी कमिटीहरूले अगुवाइ र संयोजन गर्दा पार्टीका स्वयम्सेवकलाई कैयौं जिल्लामा सर्वपक्षीय कार्यक्रम गरी स्वागत गरिएको, विद्यालय-क्याम्पसहरूमा तदनुरूपका अभिभावक भेला, स्वागत र बिदाइ कार्यक्रम गरी अभियानलाई जनस्तरसम्म पुऱ्याउने काम भएको, सेना, प्रहरी, सशस्त्र प्रहरी बल तथा स्काउट, रेडक्रस र अरू विभिन्न राजनीतिक दलहरू आबद्ध स्वयम्सेवकहरूसँग समेत समन्वय र सहकार्य गरी संयुक्तरूपमा स्वयम्सेवा गरिएकाजस्ता उदाहरणीय दृष्टान्तसमेत यसक्रममा रहेका छन् । तर, यी सबै काम स्थानीय नेतृत्वको अगुवाइ, सिर्जनशीलता, कार्यक्षमता र परिचालनमा बढी निर्भर रहेको पाइएको छ । कतिपय स्थानमा स्वयम्सेवकहरूले जनताको यसरी मन जित्ने गरी काम गर्नुभयो कि उहाँहरू काम सकेर बिदाइ हुँदा जनसमुदाय भावविह्वल भएको, रोएको र भक्कानिएको स्थितिसमेत देखापऱ्यो ।

ज्यादै छोटो तयारी र शिक्षा-दीक्षाका साथ अभियान थालिएको हुनाले पार्टीपङ्क्तिलाई बुझाउने र पार्टीपङ्क्तिले जनसमुदायसँग समन्वय एवम् परिचालनको ठोस योजनासहित काममा जुट्ने पर्याप्त समय नै भएन । फेरि भूकम्प प्रभावित क्षेत्र भएकाले कार्यस्थलका पार्टी कमिटी, नेता,

कार्यकर्ता र सदस्यहरू स्वयम् पनि भूकम्पद्वारा पीडित रहेको अवस्था विद्यमान छँदैथियो । उहाँहरू आफ्नो घर, परिवार र आफन्तजनले खेप्नुपरेको मानवीय र भौतिक क्षति र पीडा तथा त्यसको सामना गर्नुपर्ने चिन्ताले छटपटिएको अवस्था थियो । आफ्नै घरबासको टुङ्गो नभएर पीडामा पिल्सिएका नेता-कार्यकर्ताहरूबाट यस्ता अभियानमा अरू बेला तथा सामान्य र नियमित स्थितिमा जस्तो सामाजिक काम, पार्टी काम र जनसहयोगको अगुवाइ, सक्रियता र परिचालन सम्भव थिएन । तथापि, कमरेडहरूले सक्दोरूपमा अभियानलाई सघाउने र स्वयम् सक्रिय हुने काम उत्साहजनक रूपमा गर्नुभयो ।

**६. अभियानको क्रममा भएको काम**

सुरुमा एक महिना लामो यस अभियानको क्रममा स्वयम्सेवकहरूलाई कामको प्राथमिकताअनुरूप अघि बढ्ने गरी अभ्यस्त हुनै केही दिन लाग्यो । जस्तो कि अभियानको निर्देशिकामा स्वयम्सेवकहरूले गर्नुपर्ने काम स्पष्टतः नै उल्लेख गरिएको थियो ।

- सम्बन्धित स्थानमा गएर सबैभन्दा पहिले पीडित जनतासँग परिचय, घुलमिल, दुःखसुख साटासाट र उनीहरूको आवश्यकताको पहिचान गर्ने ।
- भत्किएका ठाउँबाट खाद्यसामग्री र घरायशी सामानलगायतका बस्तुहरू सुरक्षित ढङ्गले निकाल्न सघाउने ।
- ढुङ्गा, इँटा, काठ, जस्तापाता आदि निकालेर राम्रोसँग व्यवस्थापन गर्ने ।
- पुरिएका पशुहरू सुरक्षित ढङ्गले गाड्न सहयोग गर्ने ।
- जस्तापाता, पाल-त्रिपालका अलावा गाउँघरमा उपलब्ध हुने खर, पराल, छ्वाली, बाँस, चित्रा, स्याउला, काठ आदि प्रयोग गरी अस्थायी आवास निर्माणमा सहयोग पुऱ्याउने । यसो गर्नुअघि पीडितहरूको आवश्यकता, भावना र रुचिबारे राम्रोसँग जानकारी लिने ।
- प्रत्येक घरमा शौचालयको अनिवार्य प्रबन्ध गर्ने ।
- स्वच्छ खानेपानीका विभिन्न विकल्पमा सहयोग पुऱ्याउने ।

- विद्यालय, स्वास्थ्यचौकी, गाविस/वडा कार्यालय, प्रहरी चौकी, मठमन्दिरलगायत धार्मिक-सांस्कृतिक स्थलहरूको सञ्चालनका लागि सम्भव सहयोग पुऱ्याउने ।
- सरसफाइ र स्वास्थ्यचेतना जगाउने काम गर्ने ।
- पीडितहरूको कृषिजन्य काममा पनि सक्दो सहयोग गर्ने ।
- भूकम्पमा परी आफन्तजन गुमाएका, विपन्न परिवार, एकल महिला, वृद्धवृद्धा र दलितहरूको परिवारलाई प्राथमिकतामा राखी सहयोग गर्ने ।
- प्राविधिक स्वयम्सेवकहरूका माध्यमबाट बस्न मिल्ने र नमिल्ने घरहरूको वर्गीकरण गर्ने ।
- भूकम्पका कारण देखा पर्नसक्ने मनोवैज्ञानिक समस्या समाधानका लागि काउन्सिलिङ गर्ने । निराशा, उदासी र भ्रमलाई चिर्न सहयोग गर्ने ।
- सकारात्मक भावनाको विकास गर्ने । राष्ट्रिय अठोट र सामाजिक एकता एवम् सद्भाव कायम गर्ने ।
- घाइते या बिरामीहरूको स्वास्थ्योपचारमा सहयोग गर्ने । स्थानीय तहमा सम्भव नभएका रोगका लागि सुविधासम्पन्न ठाउँमा पठाउन सहयोग गर्ने ।
- राज्य, पार्टी र विभिन्न सङ्घसंस्थाहरूबाट उपलब्ध राहत सामग्रीहरूको वितरणमा सहयोग पुऱ्याउने । त्यसमा निष्पक्षता कायम गर्न ध्यान दिने । राहत सामग्री नपुगेको भए वडा नागरिक मञ्च, गाविस र जिल्लास्थित निकायहरूसँग समन्वय गरी सामग्री उपलब्ध गराउन सहयोग गर्ने ।
- नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र स्थानीय निकायसँग समन्वय गर्ने । राज्यद्वारा सञ्चालित राहत र पुनःस्थापना कार्यक्रमका प्रावधानहरूलाई पालना गर्ने ।
- स्थानीय जनताको मनोविज्ञान, संस्कृति र धार्मिक भावनाको सम्मान गर्ने ।
- व्यवस्थापिका-संसद्बाट पारित सङ्कल्प प्रस्तावमा उल्लिखित राज्यका प्रतिबद्धता

र पीडितहरूले पाउने राहत र सुविधाबारे जनतालाई जानकारी गराउने ।

- प्रत्येक स्वयम्सेवकले आफ्नो दैनिकीलाई व्यवस्थितरूपमा अभिलेखका रूपमा राख्ने ।

केही समयसम्म निर्देशिकाको निर्देश र कार्यस्थलको वास्तविकताबीच तादाम्यता कायम गर्ने समस्या अनुभव भयो । अस्थायी घर-संरचना बनाउन भनी अभियान थालनी गरिएको थियो, तर उपत्यकाभित्र भग्नावशेष नहटाई नयाँ संरचना बनाउने ठाउँ नै नभएको अधिकांश पीडितहरूको अवस्था रह्यो । त्यसखालको स्थितिमा भत्किएका संरचनाहरूको भग्नावशेष हटाउने र नयाँ बनाउने ठाउँ व्यवस्थित गर्ने काममा धेरै समय खर्चिनुपऱ्यो । यसक्रममा कतिपय ठाउँमा सेना, प्रहरी र उद्धार टोलीहरूले समेत गर्न नसकेका जोखिमयुक्त घरबाट सरसामान सुरक्षित निकाल्नेजस्ता कामहरूसमेत स्वयम्सेवकहरूले गरेको देखियो । ललितपुरको बुङमतीलगायतका स्थानमा अवरुद्ध बाटो खुलाउन नै स्वयम्सेवकहरूले धेरै परिश्रम गर्नुपऱ्यो । सिन्धुपाल्चोक, गोरखा, दोलखा, रसुवा, धादिङ, काभ्रे, नुवाकोट र रामेछापजस्ता जिल्लामा पीडित परिवारको लागि अस्थायी घर बनाउन सीमित सङ्ख्याका स्वयम्सेवकहरूका लागि सम्भव नै भएन । त्यसकारण यी जिल्लाहरूमा खटिएका स्वयम्सेवकहरू प्रायः स्कुल, क्याम्पस, स्वास्थ्यचौकी, गाविस भवन र सामुदायिक भवनहरू तथा मृतक परिवारका भत्केका घरको भग्नावशेष हटाउने र अस्थायी संरचना निर्माणमा जुट्ने बाध्यताजस्तै बन्नपुग्यो । विद्यालयहरूमा पठनपाठनको सञ्चालन तथा स्वास्थ्य सेवा र अरू जरुरी कार्य सम्पादन गर्न त्यसो गर्नु अत्यावश्यक नै बन्यो ।

पार्टीको यस राष्ट्रिय अभियानका क्रममा २७,२७१ वटा नयाँ अस्थायी घर निर्माण गरिएको छ, २२,६३० वटा भग्नावशेष सफाइ गरिएको छ । १,०१३ विद्यालय/क्याम्पसहरूका लागि अस्थायी संरचना बनाइएको छ । दुई दर्जनभन्दा बढी स्थानमा बाटो खुलाएर जनजीवनलाई सामान्य बनाउन सहयोग गरिएको छ । २९ हजार स्वयम्सेवकहरू १४ सयभन्दा बढी कार्यस्थलमा खटिएर काम गरेको यस अभियानमा श्रम दिनको गणना गर्ने हो भने करिब ७२ करोडभन्दा बढी मूल्य बराबरको निर्माण कार्य सम्पन्न भएको छ । अभियानको काम देशभित्रै अरू कसैले गर्न नसकेको तथा

अन्तर्राष्ट्रिय समुदायलाई समेत आश्चर्यचकित तुल्याउने गरी सम्पन्न भएको छ । नेकपा (एमाले)का स्वयम्सेवकहरूको अहोरात्र खटाइलाई लिएर कतिपय सुरक्षा अधिकारीहरूले आफूले जिन्दगीमा कि त चिनियाँ सेना यसरी खटेको देखेको कि एमालेका स्वयम्सेवकहरू खटेर श्रम गरेको देखेको आश्चर्यमिश्रित टिप्पणी गरेको पाइयो ।

यस सिलसिलामा सुत्केरी, मृतक परिवार, एकल महिला, विपन्न, दलित, वृद्धवृद्धा र बालबालिका एवम् विद्यार्थीलाई केन्द्रित गरेर स्वयम्सेवकहरूले उदाहरणीय काम गर्नुभएको छ । पीडितहरूमध्ये पनि अत्यन्त पीडितका लागि केन्द्रित गरेर यो अभियानले महत्त्वपूर्णरूपमा पीडितहरूको सेवा गरेको छ ।

### ६.१. सम्पदा सरसफाइ

नेकपा (एमाले)ले भूकम्पबाट क्षतिग्रस्त ऐतिहासिक, पुरातात्विक र विश्व सम्पदा सूचीमा रहेका पर्यटकीयस्थलहरूको सरसफाइ कार्यको अगुवाइ गऱ्यो । सुरुमा स्वयम्भूस्थित ज्ञानमाला भजन खलःको भग्नावशेष व्यवस्थापन तथा परिसर सरसफाइको स्वयम् पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीको उपस्थितिमा जेठ १६ गते थालनी भयो । तत्पश्चात् वसन्तपुर, चाँगुनारायण, साँखु र बुङ्मती आदि स्थलहरूको सरसफाइ कार्यमा स्वयम्सेवकहरूलाई परिचालन गरियो । त्यसको ज्यादै सकारात्मक प्रभाव र प्रतिक्रिया रह्यो ।

राष्ट्रिय स्वयम्सेवक परिचालन अभियानको सिलसिलामै जुन १५ (जेठ ३२) देखि सरकारले ऐतिहासिक, सांस्कृतिक र सम्पदास्थल पर्यटकहरूका लागि खुला गर्ने तय गरेकाले पार्टीको अभियानलाई असार ३१ गते सम्पदास्थलको सरसफाइमा केन्द्रित गरियो । काठमाडौँमा वसन्तपुर (५ पटक), र पशुपतिनाथ, ललितपुरमा बटुक भैरव र भक्तपुरमा चाँगुनारायण ( जेठ ३२ गते) परिसरमा भग्नावशेष हटाउने आदि काममा हजारौँ स्वयम्सेवकहरू परिचालित हुनुभयो । पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओली, वरिष्ठ नेता कमरेड झलनाथ खनाल र माधवकुमार नेपाल, उपाध्यक्ष तथा उपप्रधानमन्त्री एवम् गृहमन्त्री वामदेव गौतम, उपाध्यक्षहरू विद्यादेवी भण्डारी, युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, भीम रावल, महासचिव ईश्वर

पोखरेल, उपमहासचिवद्वय विष्णुप्रसाद पौडेल र घनश्याम भुसाल, सचिवहरू पृथ्वीसुब्बा गुरुङ, प्रदीप ज्ञवाली, भीम आचार्य, गोकर्ण विष्ट र योगेश भट्टराईलगायत पार्टीका पदाधिकारी र विभिन्न तहका नेताहरूसहित सम्पूर्ण सदस्यहरू सम्पदा सरसफाइमा विशेष आह्वानअनुरूप सक्रियरूपमा परिचालित हुनुभयो । यस कार्यक्रमका सहभागी सर्वसाधारणहरूको नामावली र हाजिरी अभियानअन्तर्गत व्यवस्थितरूपमा उपलब्ध छैन । यस रचनात्मक कार्यक्रमले पुर्खाहरूका पौरख, ऐतिहासिक धरोहर र सांस्कृतिक तथा विश्व सम्पदास्थलहरूप्रति पार्टीको गहिरो अभिरुचि, संवेदनशीलता र चासोसमेत उजागर गऱ्यो । सम्पदाहरू पर्यटकका लागि खुला गर्न यस कार्यक्रमले महत्त्वपूर्णरूपमा सहयोग पुऱ्यायो ।

६.२. **पर्यटक प्रवर्द्धन कार्यक्रम**

भूकम्पपछि नेपालको विश्वव्यापीरूपमा जुन नकारात्मक प्रचार भयो, त्यसको दुष्प्रभाव प्रत्यक्षरूपमा पर्यटन क्षेत्रले भोग्न बाध्य थियो । राष्ट्रिय अर्थतन्त्रको एउटा महत्त्वपूर्ण आधार पर्यटन क्षेत्रको पुनरुत्थान र विकासका निम्ति यस स्थितिलाई ध्यान दिनु अत्यावश्यक थियो । सरकारले उपत्यकालाई 'सङ्कटग्रस्त'क्षेत्र घोषणा गरी पर्यटकहरूमा थप नकारात्मक सन्देश गरिसकेको थियो । सरकारले पर्यटन पुनरुत्थानको ठोस पहल गर्न नसकेको तथा अरू कसैले यसढङ्गले अगुवाइ नगरेको स्थितिमा पर्यटन क्षेत्रका व्यवसायीहरूको आशा र अपेक्षासमेत नेकपा (एमाले)प्रति केन्द्रित थियो ।

अभियानको कार्यक्रम निर्धारण गर्दा समापनअघि एक दिन प्रमुख पर्यटकीय गन्तव्यहरूलाई केन्द्रित गरी '*पर्यटन प्रवर्द्धन कार्यक्रम*' आयोजना गर्ने टुङ्गो भयो । तदनुरूप पाथीभरा, हलेसी, लुक्ला, जनकपुरधाम, सौराहा, लुम्बिनी, पोखरा, मुस्ताङ, स्वर्गद्वारी, ठाकुरद्वारा, रारा, खप्तड र काठमाडौँमा पर्यटन प्रवर्द्धन कार्यक्रम आयोजनाको घोषणासमेत गरियो । तर, स्थानीय पार्टी नेतृत्वको समन्वय अभावमा पाथीभरा, लुक्ला, सौराहा, ठाकुरद्वारा, रारा र खप्तडमा कार्यक्रमको आयोजना हुन सकेन । जनकपुरधाम, हलेसी, वसन्तपुर-ठमेल, काठमाडौँ, पोखरा, मुक्तिनाथ, लुम्बिनी र स्वर्गद्वारी गरी छ स्थानमा पर्यटन प्रवर्द्धन कार्यक्रम सम्पन्न गरियो । यसक्रममा काठमाडौँ, जनकपुर, लुम्बिनी र पोखरामा आयोजित कार्यक्रमहरू उल्लेखनीय रहे,

जहाँ पार्टी नेतृत्वका तर्फबाट क्रमशः अध्यक्ष कमरेड केपी शर्मा ओली, पार्टी नेता कमरेड माधवकुमार नेपाल, उपमहासचिव विष्णुप्रसाद पौडेल र सचिव पृथ्वीसुब्बा गुरुङले नेतृत्व गर्नुभयो । *'नेपाल सुरक्षित छ'* भन्ने सन्देश संसारभरि प्रवाह गर्न यो आयोजना सफल रह्यो । खासगरी काठमाडौँमा वसन्तपुरदेखि ठमेलसम्मको पदयात्रा तथा त्रिवेणीमार्गमा पार्टी अध्यक्षसहित उच्च नेतृत्वको समुपस्थितिमा आयोजित *'पर्यटन प्रवर्द्धन कार्यक्रम'* अत्यन्तै प्रभावकारी र सन्देशमूलक रह्यो ।

अमेरिका, बेलायत, जर्मनी, टर्की र भारतलगायत देशका पर्यटकहरूले कार्यक्रमको मञ्चबाट 'Safe Nepal, Visit Nepal !' आदि प्लेकार्ड प्रदर्शन गरी नेपाल भ्रमण गर्न गरेको आह्वानले थला परेको पर्यटन क्षेत्रलाई माथि उठाउन महत्त्वपूर्ण सहयोगी भावना प्रदर्शन गऱ्यो । साथै, होटलका सेफ, ऱ्याफ्टिङका डुङ्गा र सगरमाथा आरोहीहरूको 'हिम बञ्चरो'सहितका झाँकीसमेत त्यस क्रमका विशेष आकर्षक झाँकीहरू रहे ।

स्वर्गद्वारीलगायतका गन्तव्यहरूमा पर्यटकहरूलाई फूलमाला लगाई स्वागत गर्ने तथा पहिलोपल्ट पार्टीको केन्द्रीय आयोजनामा *'पर्यटन प्रवर्द्धन कार्यक्रम'* सम्पन्न गरी सिङ्गो पर्यटन क्षेत्रलाई झकझक्याउने काम भयो । यस आयोजनालाई आम पर्यटन व्यवसायीहरूले समेत नेकपा (एमाले)को एउटा उदाहरणीय र रचनात्मक कामका रूपमा लिएको पाइन्छ ।

### ६.३. प्रचार संयोजन

यस अभियान अवधिभर प्रचार कार्यको संयोजन गर्ने जिम्मेवारी पार्टी प्रचार विभागलाई दिइएको थियो । तर, प्रचार विभागमा प्रमुख र उपप्रमुख दुईजना मात्रै रहेको स्थिति हुनाले प्रचार क्षेत्रसम्बद्ध अरू ९ जना कमरेडहरू सम्मिलित प्रचार समिति गठन भयो । जेठ १० गते अभियानमा केन्द्रित गरी *प्रेस चौतारी नेपाल*ले बिटका पत्रकारहरूसँग अन्तर्क्रिया आयोजना गरी समग्र अभियानभरि दैनिक *प्रेस नोट* जारी गर्ने, प्रत्येक हप्ता पार्टी नेतृत्वको उपस्थितिमा पत्रकार सम्मेलन आयोजना गर्ने, जिल्लास्तरमा प्रेस चौतारीले संयोजन गरी विभिन्न प्रचारात्मक कार्यक्रम सम्पन्न गर्ने, अभियानसम्बद्ध भिडियो र तस्बिरहरू खिचेर सुरक्षित गरी उपलब्ध गराउनेजस्ता योजनाहरू

निर्माण गरियो । साथै प्रचार उपसमितिका सदस्यहरू पालो बाँडी हरेक दिन प्रेस नोट तयारीमा उपस्थित भई काम गर्ने आदि कार्य विभाजन गरियो । अभियानको आधिकारिक फेसबुक पेज तथा एप्ससमेत व्यवस्था गरियो, जसमा उल्लेख्य तस्बिरहरू सुरक्षित रहेका छन् । यस अवधिमा जारी प्रेस नोट/प्रेस विज्ञप्तिहरू अनुसूचीमा संलग्न गरिएको छ ।

पार्टीका नेताहरू अभियानका क्रममा विभिन्न स्थानमा उपस्थित रहँदा अनुगमन कार्यलाई प्रभावकारी बनाउन मिडिया संयोजनको कामसमेत सम्भव भएसम्म समितिका तर्फबाट सम्पादन गरिएको छ। सुरु-सुरुमा मिडियाको त्यति सकारात्मक सहयोग नभए पनि अभियान अवधिभर र समापनसम्म आइपुग्दा अभियानको प्रचार-प्रसार व्यवस्थित र प्रभावकारी नै रह्यो । यद्यपि, स्थान विशेषको अवस्थिति, पूर्वसूचनाको संयोजन र कार्यक्रम आयोजनाको क्रममा रचनात्मक पक्षको उपेक्षा तथा समयमै सूचना गर्ने आदतको कमीका कारण कतिपय गुनासोहरूसमेत रहे । त्यस्ता अनुभवहरूबाट सिकेर भविष्यमा प्रचार कार्यलाई अझ व्यवस्थित गर्न ध्यान दिनुपर्दछ ।

अभियानसँग सम्बन्धित स्मारिका प्रकाशन, तस्बिरहरूको पुस्तक प्रकाशन, वृत्तचित्र निर्माण र http:// flickr.com/ photos/cpnuml/ पेज निर्माणजस्ता कामहरू गर्नसक्दा यति ठूलो राष्ट्रिय अभियानका उपलब्धिहरूलाई अझ बढी संस्थागत, सुरक्षित र प्रचार-प्रसार गर्न सहयोग पुग्ने देखिन्छ ।

### ६.४. स्वास्थ्यकर्मीहरू र इन्जिनियरहरूको अग्रसरता

अभियानमा प्रत्येक स्वयम्सेवक टोलीहरूका साथ आवश्यक दक्ष जनशक्ति इन्जिनियर, ओभरसियर, सिकर्मी र डकर्मीहरू तथा स्वास्थ्यकर्मीहरू रहने योजना तय गरिएको थियो । त्यसनिम्ति पार्टीको स्वास्थ्य तथा जनसङ्ख्या विभागको संयोजन तथा राष्ट्रिय स्वास्थ्यकर्मी सङ्घको नेतृत्वमा स्वास्थ्य सामग्रीको व्यवस्थापन एवम् स्वास्थ्य शिविरको आयोजना गर्ने, निर्माण व्यवसायी महासङ्घ र इन्जिनियरिङ सम्बद्ध सङ्गठनहरूसमेतले निर्माण सामग्री व्यवस्थापन, सङ्कलन, समन्वय र परिचालनको जिम्मेवारी लिएका थिए । भूकम्पलगत्तै वैशाख १६-१७ गतेदेखि नै इन्जिनियरहरूले नागरिकका घरको स्थिति अध्ययन तथा स्वास्थ्यकर्मीहरूले स्वास्थ्य शिविर

सञ्चालन गरी काम थालनी गरेको स्थितिमा एकमहिने अभियानभरि पार्टी निर्देशिकाबमोजिम नै स्वास्थ्यकर्मी/ मनोचिकित्साकर्मीलाई 'विशेष अभियान'का साथ परिचालन गरियो। भूकम्पपीडित विद्यालयहरूमा मनोचिकित्सा परामर्श सञ्चालन गर्नसमेत नेपाल राष्ट्रिय शिक्षक सङ्गठनसँग समन्वय गरी स्वास्थ्य विभागले संयोजन गरेर राष्ट्रिय स्वास्थ्यकर्मी सङ्घले बेग्लै योजना तर्जुमा गरी कार्यान्वयन गरे। यसबाट पीडितजनलाई समेत सघाउन महत्त्वपूर्ण योगदान र सहयोग पुगेको छ।

### ६.५. विद्यार्थी र युवाहरूको पहल

भूकम्पलगत्तै अनेरास्ववियुले प्रभावित क्षेत्रमा विद्यालयहरूको अस्थायी संरचना निर्माण गर्न अग्रसरता लियो। त्यस अभियानअनुरूप खटिएका अनेरास्ववियुका स्वयम्सेवकहरूले जेठ १० गते अघिसम्म विभिन्न जिल्लामा उल्लेख्य सङ्ख्यामा विद्यालयहरूका अस्थायी संरचना निर्माण गरी जेठ १७ गतेदेखि पढाइ सुचारु गर्न महत्त्वपूर्ण पहल गरे।

पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीले वैशाख २२ गते कमरेड गोकर्ण विष्टको अध्यक्षतामा गठन गर्नुभएको ९ सदस्यीय स्वयम्सेवक परिचालन समितिअन्तर्गत २४ गते नै विभिन्न निर्माण सामग्री (काँटी, किला, ह्याम्बर आदि) सहित विद्यार्थी र युवाहरूका टोली बिदाइ गर्नुभएको थियो। युवाहरूको उक्त टोलीले भक्तपुर, सिन्धुपाल्चोकलगायत जिल्लामा अस्थायी आवास निर्माणको काम थालनी गऱ्यो। तर, पछि यी सबै पहल र प्रयत्नहरूलाई पार्टीको राष्ट्रिय अभियानसँग एकीकृत र आबद्ध गरी सञ्चालन गरियो।

### ६.६. नयाँ स्वरूपमा बदलिएको चतुरे गाउँ

साँगा नासिका गाविस-९ चतुरेका आदिवासी जनजाति तामाङ समुदायका ३७ घर तथा एउटा सामुदायिक भवन जिफन्टले दुई दिनमा निर्माण गरिदिएको छ र प्रत्येक घरमा घरमूलीको फोटोसहितको नाम स्टिकर टाँसिएको छ। जिफन्टका २ सय ५० स्वयम्सेवक र प्रगतिशील तथा पेसागत इन्जिनियर्स एसोसिएसन नेपालका ५० जना इन्जिनियरहरूको समूहले असार १ र २ गते निर्माण सम्पन्न गरी गाउँलेलाई उक्त बस्ती नै हस्तान्तरण गरिएको थियो। ढोका तथा दुईवटा झ्यालहरू जडित डोम मोडेलका घरहरू निर्माणका लागि

काँटी-किलादेखि जस्तापातासम्म जिफन्ट र इन्जिनियरर्स एसोसिएसनको लगानीमा उपलब्ध गराई निर्माण गरिएको थियो ।

### ७. स्रोत व्यवस्थापन र सामग्री वितरण

गाउँ बस्तीहरू खण्डहरजस्तै भएको बेला स्थानीय जनता र पार्टी पङ्क्तिसँग एक महिनासम्म बसेर खाने-बस्ने र काम गर्ने गरी अभियानको व्यवस्थापन मिलाउन सहजै सोच्न सकिने कुरा थिएन । एक महिनाको समय अनि ठूलो सङ्ख्यालाई खाने, बस्ने आवश्यक व्यवस्था मिलाउने, निर्माण सामग्री उपलब्ध गराउने, देशका विभिन्न भू-भागबाट कार्यस्थलमा स्वयम्सेवकहरू पुऱ्याउनेजस्ता कामहरू ज्यादै चुनौतीपूर्ण थिए । त्यसमा पनि पार्टीले स्थानीय जनतालाई कुनै बोझ नदिने र दिन नपाउने निर्देशन गरेको थियो । खाद्यवस्तुका नाममा दाल, चामल, नुन तेल आदि, दुईजना बराबर एउटा म्याट्रेस, १० जना बराबर एउटा त्रिपाल, केही किला-काँटी, ह्याम्बर, करौँती, पिलास, तार आदि उपकरण उपलब्ध गराउने, स्वयम्सेवकको पहिचान झल्किने ज्याकेट र हेल्मेटबाहेक आफ्नो खर्च स्वयम्सेवक आफैँले गर्ने निर्देशनबमोजिम स्वयम्सेवकहरू आफूलाई तोकिएको स्थानमा पुग्ने काम त भयो, तर आँधीहुरीले कतिपय ठाउँका त्रिपाल नै उडाइदियो । पकाउने भाँडा, खानेपानी अपुग खाद्य-सामग्री, बस्ने ठाउँ आदिको अभाव स्वयम्सेवकहरूका सामु भयङ्कर समस्या देखिए । अर्कोतर्फ भत्केका भग्नावशेष पन्छाउन, काठ काट्न र अन्य काम गर्न चाहिने सामग्रीको न्यून र कमसल व्यवस्थालाई स्मरण गर्दा जति काम भयो, त्यसका मुख्य औजार स्वयम्सेवकहरूका दुईवटा हातपाखुरा मात्रै मुख्य हुन्भन्दा पनि हुन्छ । वर्षौंदेखि गुम्सिएको धूलो, पुराना घरमा थुप्रिएको खरानी र धुवाँको धूलो छोप्ने मास्क र हातमा लगाउने ग्लोबसमेतको अभावमा सीमित र कमसल एवम् अस्वस्थकर खाना खाएर जति काम भयो, यसको सोझै मूल्य निर्धारण गर्न सकिने कुरै भएन । चौरमा सानो त्रिपाल टाँगेर, भुइँमा ओछ्याइएको म्याट्रेसमा रहेको अवस्थामा राति आएको मूसलधारे पानी र हुरी-बतासबाट उत्पन्न विपद्समेत झेल्दै सीमित साधनस्रोतमा जति काम सम्पन्न भयो, यदि राम्रो व्यवस्थापन गर्न सकेको भए अझ धेरै राम्रो गर्न सकिन्थ्यो ।

अभियानमा आवश्यक म्याट्रेस, त्रिपाल, हेलमेट, ज्याकेट, उत्पादन र

खरिद गर्ने, दाल चामल, नुनतेललगायत खाद्यवस्तुका साथै निर्माण सामग्री खरिद गर्ने र स्वयम्सेवकहरूको आवत-जावतको व्यवस्था गर्ने तथा निर्देशिका, हाजिरी फाराम र कार्य प्रगति विवरणलगायतका सामग्री उत्पादन गर्ने र निर्माण सामग्री खरिदको काम गर्ने र प्रशिक्षण, अभिमुखीकरण, पर्यटन प्रवर्द्धनलगायतका कार्यक्रम गर्ने पार्टीको कोषबाट करिब ८० लाख खर्च भएको छ । यो अभियानमा निर्माण व्यवसायी सङ्घबाट किला, ह्याम्बर आदि, किसान महासङ्घबाट त्रिपालका साथै चामल र नेकपा (एमाले) बाँके, बर्दिया, झापा, नवलपरासी, दाङ, कस्की र कपिलवस्तुबाट खाद्यान्न सहयोग प्राप्त भएको छ । धेरै जिल्लाबाट सोझै प्रभावित जिल्लाहरूमा ट्रकका ट्रक खाद्यान्नहरू उपलब्ध गराइएको छ । अभियान चलिरहेकै बखत ताप्लेजुङमा आएको बाढी पहिरोले ठूलो क्षति पुऱ्याएपछि जारी अभियानकै क्रममा स्वयम्सेवकहरूलाई ज्याकेट, हेलमेट र अन्य सामग्रीहरू उपलब्ध गराउने काम भयो । ३ सय थान त्रिपाल, १५० थान कम्बल, २ ट्रक चामल, दाल आदि खाद्य-सामग्रीका साथै १० लाख नगद (अघिल्लो वर्षको आगालगीमा दिने भनिएको) उपलब्ध गराइएको छ । अभियानको कार्यालयका तर्फबाट स्वयम्सेवक परिचालनको प्रयोजन र राहतको निम्ति पठाइएको सामग्री वितरण तालिका पृष्ठ ६१ मा उल्लेख गरिएको छ ।

स्थानीय पार्टी कमिटी र स्वयम्सेवक टिमहरूले केन्द्रीकृत रूपमा उपलब्ध सामग्रीबाहेक ठूलो मात्रामा उपकरणहरूको आफैंले बन्दोबस्त गरी अभियानलाई बढीभन्दा बढी सफल बनाउन रचनात्मक भूमिका निर्वाह गर्नुभएको छ । यस्ता पहल र पर्यत्नहरूबाट अभियानमा व्यवस्थापन गरी प्रयोग गरिएका उपकरण, निर्माण सामग्री र खाद्यान्नलगायतको विवरण यसमा संलग्न गरिएको छैन ।

### ८. राहत कोषमा सहयोग सङ्कलन र जम्मा

पार्टीले भूकम्पलगत्तै पीडितहरूको उद्धार, सहयोग र राहतका लागि छुट्टै खाता खोलेर सहयोग सङ्कलन गर्न आह्वान र प्रेरित गरेको थियो । तदनुरुप पार्टीको नेतृत्वपङ्क्ति, सभासद्हरू, विभिन्न कमिटीहरू, खासगरी भारत प्रवास र संसारका विभिन्न देशमा क्रियाशील प्रवासी नेपाली मञ्च, विदेशस्थित पार्टी कमिटीहरू, जनवर्गीय सङ्गठनहरू, शुभेच्छुकहरू समेतले

आ-आफ्नो सामर्थ्यअनुरूप सहयोग सङ्कलन र जम्मा गर्नुभएको यहाँ उल्लेख गर्नैपर्छ । एकजना पार्टीका शुभेच्छुकले त आफ्नो विवाह-भोजमा खर्च गर्ने भनी छुट्याएको रकमसमेत राहत कोषमा जम्मा गर्ने उदाहरणीय काम गर्नुभएको छ । यसरी पार्टीद्वारा स्थापित कोषमा पुग-नपुग ३ करोड बराबरको रकम जम्मा भएको छ । यसबाहेक विभिन्न जिन्सी सामग्रीहरू तथा खाद्यान्न समेत पार्टीको आह्वानमा सङ्कलन गरी प्रभावित क्षेत्रमा पठाउने काम भएको छ ।

**९. परिचालित स्वयम्सेवकहरू**

यस अभियानको क्रममा विभिन्न स्थानमा सङ्ख्यामा स्वयम्सेवकहरू घाइते भएका छन् । केन्द्रीकृत रूपमा १५ हजार ४९ जना स्वयम्सेवकहरू परिचालित भएको विवरण प्राप्त भएको छ । स्थानीय पार्टी कमिटीहरूको योजनामा परिचालित स्वयम्सेवक कमरेडहरूको विवरण पूरै उपलब्ध हुन नसकेका कारण यसमा उल्लेख गर्न सकिएको छैन । तर, स्थानीय तह र सम्पदा सरसफाइलगायतका काममा गरी यस अभियानभरि २९ हजारभन्दा बढी स्वयम्सेवकहरू परिचालित गरिएको छ । २६ जिल्लाका ७६ निर्वाचन क्षेत्रअन्तर्गत १ सय ४३ वटा मूल टिम र विभिन्न उपटिमहरू निर्माण गरी परिचालित स्वयम्सेवकहरूको विवरण मूल प्रतिवेदनमा संलग्न गरिएको छ ।

**१०. अभियानको प्रभाव मूल्याङ्कन**

*'नेपाली योजना अन्तर्राष्ट्रिय साथ : राज्यको नेतृत्व हरेक नेपालीको हात'* भन्ने मूल नाराका साथ राष्ट्रिय स्वयम्सेवक परिचालन अभियान सञ्चालन गरिएको थियो । यस अभियानको आरम्भ गर्दा कतिपयका लागि यो महत्त्वाकाङ्क्षी अभियानजस्तो लागेको थियो । कतिपयका लागि यो सस्तो लोकप्रियताका लागि गरिएको प्रचारबाजीजस्तो पनि लागेको थियो । समयसीमाको हिसाबले सीमित साधन र स्रोतको परिचालनबाट आरम्भ गरिएको एक महिना लामो यस श्रम शिविरको आयोजना आफैँमा कठिनजस्तो थियो । तर, अभियान अघि बढ्दै जाँदा त्यसप्रकारका आशङ्काहरू निरर्थक सावित भए । अभियानप्रति स्थानीय जनताको सहयोग र सद्भाव बढ्दै गयो । अभियानप्रतिको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको सकारात्मक चर्चा-

परिचर्चाले पनि स्वयम्सेवकहरू उत्साहित बन्ने र थप व्यक्तिहरू स्वयम्सेवामा संलग्न हुने अवस्था सिर्जना भयो । यसले स्थानीयस्तरमा अभियानको अवधि बढाउन र काम बिस्तार गर्न आयोजकहरूलाई प्रेरित गऱ्यो । यो अभियान एक महिनाका लागि सञ्चालन गरिएको भए पनि विद्यार्थी, युवा, पेसाकर्मी, श्रमिक, स्वास्थ्यकर्मी र इन्जिनियरहरूको ठूलो हिस्सा पहिलेदेखि नै अभियानमा संलग्न थियो, जो झन्डै डेढ महिनाभन्दा बढी स्वयम्सेवी कार्यमा संलग्न रह्यो । यस अभियानका क्रममा जे-जति निर्माण कार्य सम्पन्न गरियो, ती आफैँमा निकै नै महत्त्वपूर्ण उपलब्धिहरू हुन् । तर, तीभन्दा पनि महत्त्वपूर्ण उपलब्धि विनाशकारी भूकम्पले पुऱ्याएको अकल्पनीय क्षतिले सिर्जना गरेको पीडा र निराशाबाट मुक्त गरेर स्थानीय जनतालाई आशाको उज्यालो जगाउने काम बन्न पुगेको छ । वास्तवमा पार्टीको यस स्वयम्सेवी अभियानले पीडामा रहेका जनतामा निकै धेरै आशा र भरोसा जगाएको छ । यसले खण्डहर र भग्नावशेषकै बीचमा पनि नवनिर्माण सम्भव छ भन्ने विश्वास जगाएको छ । यस अभियानकै कारणले सुरुका दिनहरूमा नेपालीहरूले आफैँ केही गर्न सक्दैनन् भनेर सरकारको काममा अनावश्यक हस्तक्षेप गर्न खोज्ने र राज्यको कोषमा सहयोग गर्न नचाहने प्रवृत्ति पनि दुरुत्साहित भएको छ । यतिसम्मकि राहत र पुनःस्थापनाको नाममा बाह्य सहायता मनपरीढङ्गले खर्च गर्ने प्रवृत्तिमा पनि एकहदसम्म नियमन कायम गर्न सहयोग पुगेको छ । एमालेका स्वयम्सेवकहरूले गरेको निस्वार्थ कामबाट त्यसप्रकारको प्रवृत्तिमा सुधार गर्नका लागि थोरै भए पनि सहयोग पुगेको छ । स्थानीय जनताले पनि एमालेका स्वयम्सेवकहरूले गरेको कामसँग तुलना गरेर खर्चको हिसाबकिताब माग्ने स्थिति बनेको छ । वास्तवमै एमालेका स्वयम्सेवकहरूले अत्यन्त न्यून लागतमै स्थानीय साधन र स्रोत प्रयोग गरी अस्थायी घर संरचनाहरू निर्माण गरी सम्बन्धित व्यक्ति वा संस्थालाई हस्तान्तरण गरेर अनुपम दृष्टान्त देखाउने काम भएको छ । यसरी यो अभियान स्वयम्सेवी कार्यका लागि एउटा दृष्टान्त नै प्रस्तुत गर्न सफल भएको छ ।

विनाशकारी भूकम्पले पुऱ्याएको क्षतिको तुलनामा हामीले गरेको काम एउटा अंश मात्रै हो । यस विनाशकारी भूकम्पको महाविनाश असाधारण

थियो । एकै समयमा यति ठूलो मात्रामा मानवीय र भौतिक क्षति भएको अवस्थामा उद्धार तथा राहतको काम व्यवस्थितरूपमा अघि बढाउन सहज थिएन । एकातिर अन्तर्राष्ट्रिय समुदायको सहयोगका भरमा सरकारका एजेन्सीहरूको परिचालनबाट मात्रै यो काम सम्पन्न हुने अवस्था थिएन । अर्कोतिर राहत र उद्धारको काम एकीकृत र संयोजितरूपमा सञ्चालन गर्न नसक्दा कतै स्वयम्सेवी संस्थाहरूको भीडभाडका कारणले कामै हुन नसक्ने अवस्था सिर्जना हुने र कतै आवश्यक न्यूनतम सहयोगसमेत नपुग्ने स्थिति आउनसक्ने अवस्था रहन्थ्यो । त्यही अवस्थालाई ध्यानमा राखेर राज्यलाई नै यसका लागि मुख्य जिम्मेवार बनाउने नीतिका पक्षमा पार्टी क्रियाशील रह्यो । स्वयम्सेवक परिचालन आवश्यक रहेको निष्कर्षमा रहँदारहँदै राज्यले नै त्यसको संयोजन गर्नु उपयुक्त हुने मान्यतामा पार्टी धेरै समयसम्म उभियो । तर, राज्यले भने यसलाई समयमै यथोचित महत्त्व दिन सकेन । परिणामस्वरूप केही समयपछि मात्रै पार्टीले आफ्नै योजना र पहलकदमीमा स्वयम्सेवक अभियान अघि बढाउन पुग्यो । तर, छोटै समयमा यस अभियानले प्राप्त गरेको सफलताले भविष्यमा यस्ता ठूला विपद्को समयमा ठूलो सङ्ख्यामा स्वयम्सेवकहरूको परिचालन गरी उद्धार र राहतको काममा सहयोग पुऱ्याउन सकिन्छ भन्ने कुरा व्यवहारतः पुष्टि भएको छ ।

पार्टीको स्वयम्सेवक अभियानको सफलताले विपद्को सामना गर्ने कुरामा नेपालीहरू अत्यन्त सकारात्मक र सहयोगी रहेको पुष्टि भएको छ । सुरुमा स्वयम्सेवकको परिचालनमा साधन र स्रोत जुटाउने कुरा निकै कठिन हुने ठानिएको थियो । तर, काम गर्दै जाँदा सहयोगी हातहरू त्यत्तिकै मात्रामा उपलब्ध हुने स्थिति बन्यो । सिङ्गो पार्टीपङ्क्तिले पनि यसलाई अत्यन्त सकारात्मक रूपमा लियो । त्रासका कारणले भूकम्प प्रभावित क्षेत्रबाट मानिसहरू बाहिरिएको अवस्थामा प्रभावित क्षेत्रभन्दा बाहिरका मानिसहरूलाई प्रभावित क्षेत्रमा जोखिमपूर्ण संरचना सफा गर्नेजस्ता कष्टसाध्य काममा लाग्ने र लगाउने कुरा सजिलो थिएन । तर, देशका विभिन्न भागबाट उल्लेख्य सङ्ख्यामा स्वयम्सेवकहरूलाई प्रभावित क्षेत्रमा परिचालित गरियो । उपत्यकामा त विभिन्न पेसा र व्यवसायमा संलग्न रहेको पार्टीपङ्क्तिसमेत लामो समयसम्म स्वयम्सेवामा संलग्न रह्यो । यस

अभियानमा तराईका जिल्लाबाट विशेषगरी मधेसी समुदायका उल्लेख्य सङ्ख्यामा युवा स्वयम्सेवकहरूसमेत परिचालित गरियो । यस अभियानले हिमाल, पहाड र तराईका जनताको बीचमा भावनात्मक सम्बन्ध गाँस्ने कुरामा निकै ठूलो योगदान पुऱ्याएको छ। यस क्रममा श्रम सेवाका अतिरिक्त खाद्यान्नलगायतका अन्य जिन्सी सङ्कलन गरी प्रभावित क्षेत्रमा पठाउने काममा समेत पार्टीपङ्क्ति परिचालित भएको छ । यसबाट नेपाली समुदायमा रहेको दुःखका बेलामा एक-अर्कालाई सहयोग गर्ने सहयोगी मानवीय भावना राम्ररी नै उजागर भएको छ । विभिन्न मुलुकमा क्रियाशील प्रवासी नेपाली मञ्चहरू/प्रवासी नेपाली सङ्घले यस अभियानमा गरेको सहयोग प्रशंसनीय रहेको छ ।

यस अभियानमा परिचालित अधिकांश स्वयम्सेवकहरू उद्धार तथा राहतका कामका लागि नयाँ नै रहेको स्थिति थियो । कतिपय स्वयम्सेवकहरू त लामो समयदेखि शारीरिक श्रममा भाग नलिएका वा त्यसबाट लामो अलग रहेकाहरूसमेत थिए । तर पनि अधिकांश स्वयम्सेवकहरू अभियान अवधिभरि उत्साहका साथ बिहानदेखि बेलुकीसम्मै लगातार काममा संलग्न रहनुभयो । उहाँहरूको काम गराइबाटै अनुगमनमा जाने विभिन्न सङ्घसंस्था र सुरक्षा निकायका प्रतिनिधिहरूसमेत चकित बन्ने अवस्था सिर्जना भयो । स्थानीय जनसमुदाय निकै प्रभावित बने । वास्तवमा विपद् व्यवस्थापनको कुनै अनुभव नभएका, तत्सम्बन्धी तालिमसमेत नलिएका एमालेका स्वयम्सेवकहरू, जो अभियानभरि खटे- त्यो आफैँमा अभूतपूर्व नै रह्यो । अभियानमा उनीहरू जसरी समर्पित भएर खटिए, त्यसबाटै उनीहरूले अत्यन्त छोटो समयमा आफ्नो अनुभवहीनतालाई नै जित्न सके । काम गर्दै जाँदा उनीहरूले भग्नावशेष सफा गर्ने कुरामा समेत मौलिक सीपको विकास गर्न पनि पाए । अस्थायी घर संरचना निर्माण गर्नेदेखि लिएर त्यस कामका लागि स्थानीय समुदायको साथ, सहयोग र आवश्यक साधनस्रोत जुटाउने सन्दर्भमा स्वयम्सेवकहरूले अनेकौँ सिर्जनात्मक तरिकाहरू प्रयोगमा ल्याएको स्थिति रह्यो । निश्चय नै यस अभियानका क्रममा हासिल भएका अनुभवहरू भविष्यमा हुनसक्ने जुनसुकै प्रकारका विपद्को सामनाका लागि निकै उपयोगी हुने देखिन्छ ।

पार्टीको स्वयम्सेवा अभियानको समग्र प्रभाव कति सकारात्मक रह्यो भन्ने सन्दर्भमा चर्चित व्यङ्ग्यकार लक्ष्मण गाम्नाङे आफैँ एमालेको श्रम शिविर निरीक्षणमा पुगेर लेखेको एक टिप्पणीबाट आँकलन गर्न सकिन्छ । उनको *नेपाल* साप्ताहिकको आफ्नो नियमित स्तम्भमा यससम्बन्धी खरो टिप्पणी गर्दै लेखिएको छ : *'बैङ्कमा भोट सञ्चय गर्न यिनीहरूले कतिसम्म नाटक गर्दा रहेछन् भनेर म पनि पछि लागेँ । हेर्दाहेर्दै तिनीहरू बाँदरको गतिमा धराप घरका छाना-छानामा चढेर धमाधम झिङ्गटी झार्न थाले । खुइलिएको तालुमा जेठको तातो घामले पोलेको वास्तै नगरी धूलोको कुइरीमण्डलमा फसेर खिया परेका जस्तापाता र किला-काँटीसरिका काठपात पन्छाउँदै चाङ लगाउँदै गर्न थाले । वर्षौंदेखि शारीरिक श्रम गर्न छोडेका भ्याल्ले भुँडीवाला जागिरे कार्यकर्ता पनि डोरी लगाएर धराप घरका छाना तान्दै पछार्दै गर्न थाले । घरमा लडेको लोटा उठाउन पनि नभ्याउने नेताहरू तिघ्रा र पाँसुला दरफऱ्याएर घाइते हुँदा पनि काम गरिरहेको देख्दा मैले बेलाबेलामा आफैँलाई चिमोट्नुपऱ्यो, आफैँलाई ब्युँझाउन ।'* सोही स्तम्भको निष्कर्षमा उल्लेख गरिएको छ : *'राजनीतिक दल र नेतालाई व्यङ्ग्य ठोक्दा-ठोक्दा अररो भएको कलम आज अचानक अलिकति लुलियो । एमालेलाई चुनौती दिने गरी काङ्ग्रेस, एमाओवादी र अरू दलले पनि यस्तै उपद्रवी काम गर्न थाले भने मेरो झन् के गति होला ? यो भुइँचालोले कतै मेरो रोजीरोटी त खोस्दैन, यस्तो चिन्तामा पो रमाइरहेछु म अचेल'* निश्चय नै यस अभियानले गाम्नाङेजस्तै धेरैलाई आश्चर्यचकित बनाएको छ । यतिबेला पार्टीको शीर्ष नेतृत्वलाई भेट्न आउने विदेशी पाहुनाहरूको पनि एउटा विषय पार्टीको स्वयम्सेवा अभियानको प्रशंसा गर्नु रहेको/भएको छ । यी सबै सन्दर्भहरूले पार्टीको स्वयम्सेवी अभियानको प्रभाव बहुआयामिक बन्न पुगेको कुरा पुष्टि गर्दछन् । यसप्रति सिङ्गो पार्टीपङ्क्तिले गौरवबोध गर्दछ र गर्नुपर्दछ ।

### ११. अभियानका सवल पक्षहरू

यस अभियानका क्रममा परिचालित स्वयम्सेवकहरूले पार्टीको प्रतिष्ठालाई उँचो बनाउन निकै नै महत्त्वपूर्ण भूमिका निर्वाह गरेको स्पष्टै छ । यसले राजनीतिक दलहरूप्रति आमजनतामा बढ्दै गएको असन्तुष्टि र निराशालाई

चिर्न निकै सहयोग पुगेको छ । यस अभियानले राष्ट्रिय सामर्थ्य वृद्धि गर्न तथा पुनर्निर्माण तथा पुनःस्थापनाका लागि सहयोग परिचालन गर्न बलियो आधारशिला प्रदान गरेको छ । यस अभियानको प्रमुख उपलब्धिका रूपमा रहेका केही सबल पक्षहरूलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ :

- यस अभियानले विपद्का बखत मुलुकका वास्तविक प्रतिनिधि राजनीतिक दलहरू आफूसँग एकीकृत हुन आइपुग्छन् भन्ने सन्देश जनतामा स्थापित गरेको छ । साथै, सबै राजनीतिक दल र नेपालको लोकतान्त्रिक परिपाटीलाई समेत जनस्तरमा स्थापित गर्ने महत्त्वपूर्ण काम सम्पन्न गरेको छ ।
- यस अभियानले विनाशकारी भूकम्पपछि जनतामा उत्पन्न निराशा, विरोध, आक्रोश र परनिर्भरताका कतिपय प्रवृत्तिलाई हटाई पीडितहरूलाई आत्मनिर्भर बन्न प्रेरित गरेको छ । बाहिरी जिल्लाबाट प्रभावित क्षेत्रमा पुगेर खटेका स्वयम्सेवकहरूका कार्यले स्थानीय जनतामा समस्याको समाधान आपसमा मिलेरै गर्न र आफ्नो काम आफैँले गरेर सङ्कटको सामना गर्नुपर्दछ भन्ने स्वावलम्बी भावना अभिवृद्धि गर्न सहयोग पुऱ्याएको छ । स्वाभाविकरूपमा यस अभियानले आम पीडितहरूमा आशा र विश्वास बढाएको छ ।
- यस अभियानले जस्तोसुकै सङ्कटको सामना एकताबद्ध प्रयासबाटै सम्भव छ भन्ने दृष्टान्त प्रस्तुत गरेको छ । विपद्को सामना गर्न नसक्ने अवस्थाको सङ्कटमा नेपाल परेकोजस्तो सन्देश प्रवाहित भइरहेका बेलामा यस अभियानले देशभित्र विपद्को सामना गर्ने सामर्थ्यको विकास गर्न सहयोग पुऱ्याएको छ। आधारभूत तहदेखि नै राष्ट्रिय एकताको भावना सिर्जना गरेर प्रवाह गर्न मद्दत पुगेको छ ।
- यस अभियानको क्रममा कार्यकर्ताको बीचमा सामूहिक भावनाको विकास गर्न सहयोग पुगेको छ। परस्परमा हार्दिकता र कमरेड्ली भावनाको विकास गर्न सहयोग पुगेको छ । पार्टीभित्रका कतिपय मनमुटाव तथा प्यानलगत निर्वाचनका अंशहरू मेट्न सहयोग पुगेको छ । पार्टी तथा राष्ट्रिय हितका लागि साझा प्रयास र एकताको भावना विस्तार

गर्न सहयोग पुऱ्याएको छ ।

- यस अभियानले विद्यमान राजनीतिक दलहरू, तिनको नेतृत्व र राजनीतिक कार्यकर्ताहरूप्रति जनताको तहमा फैलाउन खोजिएको द्वेष र अफवाहको अन्त्य गरी जनगुनासोलाई हटाउन तथा राजनीतिक दल र कार्यकर्ताहरूप्रतिको आकर्षण, विश्वास र भरोसा बढाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

- विपद्को बेला हामी सबै नेपाली हौँ र सबै मिलेर एक-अर्कालाई मद्दत गर्नुपर्दछ भन्ने सन्देश प्रवाह भएको छ । कैयौँ ठाउँमा सेना, प्रहरी, नेपाल स्काउट र रेडक्रसका टोलीले हाम्रा स्वयम्सेवकहरूसँगै एकसाथ सहकार्य गरेका छन् । केही स्थानमा नेपाली काङ्ग्रेस, एमाओवादी, नेकपा (माओवादी) समूहसँग पनि सहकार्य भएको छ । कतिपय ठाउँमा हाम्रा स्वयम्सेवकहरूको कामबाट प्रभावित भएर विभिन्न सामाजिक सङ्घसंस्थाहरूसमेत यस अभियानमा जोडिन पुगेका छन् । यसले राजनीतिक दलहरू र विभिन्न सङ्घसंस्थाहरूको बीचमा विद्यमान अविश्वासको वातावरण हटाएर यस्ता विपद्को समयमा परस्परमा एकता र सहकार्यको भावना विकास गर्न प्रेरित गरेको छ ।

- लामो समयदेखि शारीरिक श्रम नगरेका व्यक्तिहरूसमेत यो अभियानमा सहभागी भएर अथक रूपमा श्रमकार्यमा सहभागी मात्रै भएनन्, त्यसबाट निकै ठूलो उत्साह र उर्जा प्राप्त गर्न पुगे । यसले हाम्रो पार्टी पङ्क्तिभित्र र बाहिर पनि श्रमप्रति सम्मान गर्ने संस्कृतिको विकासमा सहयोग पुगेको छ । शारीरिक श्रमबाट अलग रहेकाहरूलाई समेत स्वयम् श्रममा सहभागी बन्न प्रेरित गरेको छ ।

- यस अभियानका क्रममा स्वयम्सेवकहरूले बिना कुनै राजनीतिक भेदभाव आर्थिकरूपले बिपन्न समुदाय, एकल महिला, अपाङ्ग, दलित र सीमान्तकृत समुदायका अस्थायी घर आदि निर्माण गर्ने र धराप संरचना सुरक्षित गर्ने काममा प्राथमिकता दिए । यस प्रकारको कार्यले आधारभूत तहका जनताको बीचमा पार्टीको सम्बन्ध बिस्तार गर्न र सुदृढ बनाउन सहयोग पुगेको छ ।

- मुलुकका राजनीतिक दलहरूमध्ये हाम्रो पार्टी नेकपा (एमाले)ले जे बोल्छ, त्यही गर्छ भन्ने कुरा जनस्तरमा अझ स्थापित भएको छ । साथै, स्थानीय पार्टी कमिटीहरू, जनसङ्गठनहरू र पार्टीका केन्द्रीय नेताहरू सबैजना अभियानमा एकसाथ जनताको दुःखमा परिचालित हुने अवस्था सिर्जना भयो ।

**१२. अभियानका कमजोर पक्षहरू**

यस अभियानमा आमरूपमा सकारात्मक पक्षहरू नै प्रबल रहे । तर केही यस्ता पक्षहरू पनि रहे, जसलाई समयमै सम्बोधन गर्न सकेको भए अभियानलाई अझै उपलब्धिमूलक बनाउन सकिन्थ्यो । भविष्यमा यसप्रकारका अभियानहरू संचालन गर्ने क्रममा सहयोग पुगोस् भन्ने उद्देश्यले अभियानका क्रममा महसुस भएका केही कमी तथा कमजोरीहरूलाई केलाउने प्रयास गरिएको छ, जो यस प्रकार रहेका छन् :

- सुरुमा स्वयम्सेवी अभियान सरकारको नेतृत्वमा गरियोस् भनेर पार्टीका तर्फबाट सुझाव दिने काम भयो । सरकारले समयमै उक्त कार्यक्रम अघि नबढाएको अवस्थामा मोर्चा सङ्गठनमार्फत जनसङ्गठनको सहभागितामा स्वयम्सेवक परिचालन गर्ने योजना अघि बढाइयो । पछि उक्त अभियानमा सिङ्गो पार्टीपङ्क्ति नै परिचालन गर्ने गरी योजना तयार गरियो । समयमै पार्टीको शीर्ष नेतृत्वको संलग्नतामा एकीकृत योजना बनाउन र कार्यान्वयन गर्न सकेको भए यो अझै बढी शक्ति परिचालन गर्न र यसमार्फत अझै ज्यादा उपलब्धि हासिल गर्न सकिने अवस्था रहन्थ्यो ।

- एकमहिने स्वयम्सेवक परिचालनको योजना बनाइए पनि तदनुरूपको आवश्यक बन्दोबस्तीको प्रबन्ध गर्ने काम समयमै हुनसकेन । सुरुका दिनहरूमा बस्नका लागि उपयुक्त टेन्ट र कामका लागि उपयुक्त औजारको समेत अभावमा स्वयम्सेवकहरूले कठिनाइको सामना गर्नुपर्‍यो । यद्यपि, पछि यही कारणले पार्टीको स्वयम्सेवी अभियानमा भने खासै असर परेन ।

- स्वयम्सेवी कार्यका लागि जाने स्वयम्सेवकहरूले आफ्नो प्रबन्ध आफैँ गर्ने नीति अवलम्बन गरियो । प्रभावित क्षेत्रका जनतालाई थप बोझ नहोस् भन्ने सन्दर्भमा त्यो जरुरी नै थियो । तर, स्थानीय पार्टी कमिटी तथा कार्यकर्ताहरूबाट सहजै लिन सकिने सहयोग सन्दर्भमा समयमै

ध्यान दिन सकिएन । यसले कतिपय ठाउँका स्वयम्सेवकहरूले अनावश्यक दुःखको सामना गर्नुपऱ्यो तथा कतिपय ठाउँमा अतिरिक्त आर्थिक व्ययभारसमेत व्यहोर्नुपऱ्यो ।

- अस्थायी घर संरचना आदिको निर्माणका लागि राज्यका तर्फबाट उपलब्ध गराउने आर्थिक सहायता समयमै वितरण नहुँदा अस्थायी घर निर्माणका लागि जस्तापाताको अभाव भयो । स्थानीय तहमा उपलब्ध जस्तापाता र अन्य निर्माण-सामग्रीको प्रयोगबाट मात्रै आवश्यकताअनुसारको संरचना बनाउन सम्भव भएन । उपयुक्त निर्माण सामग्रीको अभावमा छिटोछरितोरूपमा काम सम्पन्न गर्न पनि कठिनाइ भयो । यस्ता ठाउँहरूका लागि अन्य सङ्घसंस्थाबाट आवश्यक स्रोत परिचालन गर्ने काम पनि अपेक्षाअनुरूप हुनसकेन ।
- कतिपय ठाउँमा स्थानीय समुदाय र पार्टी कमिटीहरूको सहयोग परिचालनको योजना बन्नसकेन । योजना बनेका ठाउँमा समेत आवश्यकताअनुसारको सहयोग परिचालन हुनसकेन । कतिपय ठाउँमा त असहयोगीजस्तै प्रवृत्ति पनि देखियो । तर, जहाँ स्थानीय सहयोग प्राप्त हुन सक्यो, त्यहाँको काम तुलनात्मकरूपमा राम्रो भयो । तर, स्थानीय सहयोग नजुटेका ठाउँहरूमा स्वयम्सेवकहरूको मेहेनतका बाबजुद अपेक्षाअनुरूपको उपलब्धि हासिल हुनसकेन ।
- सहरी क्षेत्रमा अस्थायी घर संरचना निर्माण गर्ने काम त्यति सहज रहेन । धराप संरचना सफा नगरी अस्थायी घरआदि केही पनि बनाउन नसकिने अवस्थाले स्वयम्सेवकहरूले लामो समय संरचना सफा गर्ने काममा समय लगाउनुपऱ्यो । त्यसप्रकारको धराप संरचना हटाउने र सफा गर्ने काममा कतिपय ठाउँमा अनावश्यक जोखिम मोल्ने कामसमेत भयो । त्यसबाट ठूलो सङ्ख्यामा स्वयम्सेवकहरू घाइतेसमेत हुनुपऱ्यो ।
- लामो समय एउटै टोलीलाई आवासीय हिसाबले परिचालन गर्ने योजना बन्यो । कामको प्रकृतिका हिसाबले बिहानदेखि बेलुकीसम्म लगातार एक महिनासम्म एउटै टोलीलाई परिचालन गर्ने कुरा व्यावहारिक रहेन । त्यसको तुलनामा बिहान र बेलुकीका सिफ्टको अभ्यास

उपत्यकाको हकमा बढी प्रभावकारी भयो । आवासीय टोलीका हकमा १५ दिनभन्दा बढीको समय उपयुक्त हुँदो रहेनछ । त्यस्ता ठाउँमा नयाँ शक्ति खटाउनु आवश्यक देखिए पनि पूर्वयोजना नबन्दा सीमित ठाउँमा मात्रै त्यसढङ्गले काम हुनसक्यो ।

- पार्टीले व्यवस्थित बस्ती विकास र सहरीकरणसम्बन्धी अवधारणा निर्माण गरी सम्बन्धित निकायमा प्रस्तुत गरेर पुनःनिर्माण कार्यको अगुवाइ गर्नुपर्ने निर्णय भए पनि त्यसको कार्यान्वयन भएन । र, विज्ञहरूसाग अन्तर्क्रिया गरी अवधारणा निर्माण गर्नसमेत समयमा सकिएन ।

## १३. निष्कर्ष र सुझावहरू

राष्ट्रिय स्वयम्सेवक परिचालन अभियानमार्फत भूकम्प प्रभावित क्षेत्रमा स्वयम्सेवक परिचालन गरेर पार्टीले आफूलाई यस काममा सबैभन्दा अब्बल सावित गर्न सफल भएको छ । सङ्ख्यात्मक परिचालनको हिसाबले मात्र होइन, कामको प्रकृतिका हिसाबले पनि हाम्रा स्वयम्सेवकहरू स्वयम्सेवी कार्यका लागि अब्बल सावित हुनुभएको छ । विपद्को समयमा राष्ट्रिय सामर्थ्य उजागर गर्न, राज्यको भूमिकालाई पुनःस्थापना र पुनर्निर्माणका लागि अझ प्रभावकारी बनाउन तथा नेपाली समाजमा राजनीतिक दलहरूको भूमिका र प्रतिष्ठालाई माथि उठाउनसमेत यस अभियानले महत्त्वपूर्ण भूमिका खेलेको छ । यस अभियानको सफलताले सिङ्गो पार्टीको प्रतिष्ठा उँचो भएको छ । अभियानमा परिचालित भएका स्वयम्सेवकहरू भविष्यका विपद् व्यवस्थापनका लागि अनुभवी व्यक्तिका रूपमा स्थापित हुनुभएको छ । नेपाल भूकम्पीय दृष्टिले मात्रै होइन, अन्य विपद्का दृष्टिले समेत जोखिमपूर्ण अवस्थामा रहेको छ । यस्तो मुलुकका नागरिकको सुरक्षाका लागि राज्यको मात्रै भरपर्ने कुरा उपयुक्त र सम्भव हुने कुरा होइन भन्ने कुरा यसपटकको विपद्ले पुष्टि गरिसकेको छ । तसर्थ, यस अभियानको सञ्चालनका क्रममा प्राप्त अनुभवका आधारमा यस प्रकारको विपद्को तयारीका सन्दर्भमा निम्न कार्यहरू गर्नु उपयुक्त हुने देखिन्छ :

- विपद्को समय तथा पार्टीलाई आवश्यक परेको बेलामा जनसङ्गठन तथा पार्टी पङ्क्तिलाई परिचालन गर्नसक्ने गरी स्वयम्सेवक परिचालनसम्बन्धी

स्थायी प्रकृतिको संयन्त्र गठन गर्नु आवश्यक देखिन्छ । पार्टीले आवश्यकता महसुस गरेको र आह्वान गरेको बखत आम पार्टीपङ्क्ति र सदस्यहरू अनिवार्य श्रममा सहभागी हुने गरी आवश्यक नीतिगत र संरचनागत व्यवस्था मिलाउनुपर्दछ ।

- विपद्को पूर्वतयारी तथासामना गर्नसक्ने आधारभूत ज्ञान प्रदान गर्ने गरी पार्टी शिक्षाको व्यवस्था गर्नुपर्छ । यससम्बन्धी काममा भूमिका खेल्नसक्ने र चाहने कार्यकर्ताको अभिलेख राख्ने व्यवस्था गर्नुपर्छ ।
- विपद्को सामना गर्नसक्ने गरी राज्यका तर्फबाट विपद् व्यवस्थापनसम्बन्धी कानुनी सुधार तथा प्रभावकारी संरचनागत व्यवस्था निर्माणका लागि पार्टीका तर्फबाट अग्रसरता लिनु आवश्यक छ ।
- विपद् पूर्वतयारी तथा विपद् व्यवस्थापनसम्बन्धी विषयवस्तुलाई माध्यमिक तहको शिक्षाको पाठ्यसामग्रीमा समावेश गर्न पहल गरिनुपर्दछ । साथै, उच्च माध्यमिक तह, स्नातक तह र स्नातकोत्तर तहका विद्यार्थीहरूलाई समेत श्रम अभियानमा सरिक हुने गरी पाठ्यक्रमको व्यवस्थापन मिलाउनु पर्दछ ।
- भूकम्प प्रभावित क्षेत्रको पुनर्निर्माण तथा पुनर्स्थापनाका कार्यक्रमलाई जबजको नीतिअनुरूप आर्थिक-समाजिक विकास र रूपान्तरणको कार्ययोजनाअनुरूप अघि बढाउन पहल गर्नुपर्दछ । त्यसका लागि एकीकृत, सुरक्षित तथा वैज्ञानिक बस्ती विकासमा जोड दिनुपर्दछ । यससम्बन्धी योजनालाई राष्ट्रिय कार्यक्रमका रूपमा अघि बढाउन पहल गर्नुपर्छ ।
- पश्चिम क्षेत्रमा ठूलो भूकम्पको ग्याप अवधि निकै लामो समय भइसकेको अवस्थालाई विज्ञहरूले जोखिमपूर्ण अवस्थाका रूपमा चित्रण गर्ने गरेका छन् । त्यस्ता सम्भावित जोखिमयुक्त क्षेत्रका असुरक्षित बस्तीहरूलाई सुरक्षित ठाउँमा सार्ने तथा सुरक्षित बस्ती विकास गर्ने कुरामा पनि यथोचित ध्यान दिनुपर्ने देखिन्छ ।

*(२०७२ साउन ९ गते पार्टी केन्द्रीय कमिटीको पाँचौं बैठकमा राष्ट्रिय स्वयम्सेवक परिचालन अभियानका संयोजक विष्टद्वारा प्रस्तुत एवं पारित समीक्षा प्रतिवेदन ।)*

## संविधान निर्माणलाई निष्कर्षमा पुऱ्याउने सम्बन्धमा

# नेकपा (एमाले) को दृष्टिकोण

**(केन्द्रीय कमिटीको पाँचौं बैठकमा प्रस्तुत एवम् पारित विशेष प्रस्ताव)**

१. संविधानसभाबाट संविधान निर्माण गर्ने नेपाली जनताको चीरप्रतिक्षित सपना पूरा हुने बिन्दुमा आइपुगेको छ । संविधानको प्रारम्भिक मस्यौदामाथि जनताबाट प्राप्त रायसुझावलाई समेटेर मस्यौदा परिमार्जन गरिसकेपछि यसले नेपालको संविधान- २०७२ को विधेयकको स्वरूप ग्रहण गर्नेछ र संविधानसभामा हुने विभिन्न प्रक्रियागत चरण पूरा गरेपछि संविधान जारी हुनेछ ।आवश्यक सबै प्रक्रिया पूरा गरेर २०७२ साउन मसान्तभित्रै संविधान जारी गर्न प्रमुख राजनीतिक दलहरूबीच सघन छलफल चलिरहेको छ । जनताको सङ्घर्ष र क्रान्तिबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गरेर मुलुकलाई राजनीतिक स्थायित्व, दिगो शान्ति, लोकतन्त्र, सामाजिक न्याय, सबल राष्ट्रिय एकता र समृद्धिको दिशामा अगाडि बढाउने महत्वपूर्ण पूर्वाधारको रूपमा रहेको संविधान निर्माणलाई निष्कर्षमा पुऱ्याउन जनताको प्रतिनिधि पार्टीको रूपमा नेकपा (एमाले) आफ्नो सम्पूर्ण उर्जा, सामर्थ्य र समयकेन्द्रित गर्न प्रतिबद्ध छ ।

२. संविधान जारी गर्न नसकी पहिलो संविधानसभाको विघटन भएदेखि नै हाम्रो पार्टीले संविधानसभाको नयाँ निर्वाचनमार्फत् राजनीतिक सङ्कटको समाधान खोज्न र संविधानसभाबाटै संविधान निर्माण गर्न पहल गर्दै आएको तथ्य सर्वविदितै छ । संविधानसभाको दोस्रो निर्वाचनका क्रममा जारी घोषणापत्रमा पार्टीले एक बर्षमा संविधान निर्माण गर्ने सङ्कल्प गरेको थियो र गतः बर्ष सम्पन्न पार्टीको नवौं राष्ट्रिय महाधिवेशनले पनि निर्धारित समयमा संविधान निर्माण गर्ने बिषयलाई

सर्वोच्च प्राथमिकताको कार्यभार निर्धारण गरेको थियो ।संविधानसभाको साझा सङ्कल्पअनुरूप २०७१ माघ ८ गतेभित्रै संविधान जारी गर्न यस अवधिमा पार्टीले अथक, रचनात्मक र सार्थक पहल र प्रयाश गर्दै आयो । तर मुख्यतः सङ्घीयताका प्रश्नमा दलहरूबीच सहमति कायम हुन नसकेपछि र त्यसलाई रूपान्तरित संसदबाट टुङ्गो लगाउने गरी संविधान जारी गर्न हाम्रो पार्टीले अगाडि सारेको उपयुक्त प्रस्तावमा अरुहरूको सहमति प्राप्त नभएपछि निर्धारित मितिमा संविधान जारी हुन सकेन ।उल्टो, दलहरूबीच तिक्तता, अविश्वास र ध्रुवीकरण बढ्दै गएर संविधानसभामा तोडफोड र सडकमा उग्र प्रदर्शन हुने स्थिति पैदा भयो । त्यस्तो प्रतिकूल स्थितिमा पनि हाम्रो पार्टीले एकातिर संविधानसभाको प्रक्रिया बहिष्कार गरेर सडक आन्दोलनमा उत्रिएका प्रतिपक्षी दलहरूलाई संवादमा फर्काउन र संविधान निर्माणमा सहभागी बनाउन निरन्तर प्रयत्न गरिरह्यो भने अर्कातिर दोस्रो संविधानसभालाई कुनै पनि अर्थमा असफल हुन नदिने र प्रक्रियाका माध्यमबाट भए पनि संविधान जारी गर्ने प्रतिवद्धता व्यक्त गरिरह्यो ।पार्टीले जातीय एवम् सामाजिक सद्भाव, राष्ट्रिय एकता र जनताको आधारभूत हितमा कुनै सम्झौता नगर्ने अविचलित अडान लिँदै संविधान निर्माणमा उत्पन्न प्रतिकूलतालाई अनुकूलतामा रूपान्तरण गर्न निरन्तर प्रयाश गर्दै आयो ।

३. यस्तै पृष्ठभूमिमा, गतः बैशाख १२ गते आएको विनाशकारी भूकम्पले मुलुकलाई अकल्पनीय विपत्तिमा धकेलिदियो । नौ हजारभन्दा बढीको मृत्यु, बीसौं हजार घाइते र अङ्गभङ्ग, ४० लाख नागरिकहरू वेघरबार, राज्यका मुख्य संरचना र राष्ट्रिय गौरवका रूपमा रहेका ऐतिहासिक-सांस्कृतिक धरोहरहरूको विनाशका कारण मुलुक अभूतपूर्व सङ्कटमा फँस्यो । यस्तो सङ्कटका बेला पीडित जनताले उद्धार, राहत र पुनर्स्थापनाको काममा राज्यको प्रभावकारी उपस्थिति खोज्नु स्वाभाविकै थियो । तर विपद्को पूर्व तयारीको अभाव, विपद्को व्यवस्थापनमा रहेका कमजोरी र वाह्य सहयोगमा समन्वयको कमी जस्ता बिषयले सुरुका दिनहरूमा पीडित जनतामा असन्तुष्टि पैदा भए । यस्ता असन्तुष्टिलाई लोकतान्त्रिक प्रणाली, राजनीतिक दलहरू

र नेतृत्वकै विरुद्ध उछाल्ने प्रयाश भए र वाह्य सहयोगका नाममा नेपालीहरूको पीडा र स्वाभिमानलाई होंच्याउने कोशिस पनि देखा पऱ्यो । यद्यपि, नेपालले भोग्नुपरेको अकल्पनीय विपत्तिका बीचमा अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त ऐक्यवद्धता, सद्भाव र सहयोगले हामीलाई ठूलो भरोसा दिलायो ।यस्तो स्थितिमा, दलहरूबीच नयाँ उचाइँबाट राजनीतिक समझदारी निर्माण गर्दै विपद् व्यवस्थापनका माध्यमबाट राष्ट्रको मनोबल बलियो बनाउने र जनतामा आत्मविश्वास विकास गर्ने अपरिहार्य आवश्यकता पैदा भयो ।

४. विनाशकारी भूकम्पको तत्कालदेखि नै उद्धार, राहत र पुनर्स्थापनाको काममा केन्द्रित भएको हाम्रो पार्टीले विपत्तिलाई सामना गर्दै राष्ट्रलाई नयाँ जगबाट उठाउन पहल सुरु गऱ्यो । सरकारलाई उद्धार र राहतमा प्रभावकारी ढङ्गले अगाडि बढ्न घचघच्याउने, राष्ट्रिय विपत्तिसम्बन्धमा साझा दृष्टिकोण निर्माण गर्न व्यवस्थापिका-संसदको अधिवेशन बोलाउन पहल गर्ने, उद्धार, राहत र पुनर्स्थापनाका सम्बन्धमा विशेष अवधारणा प्रस्तुत गर्ने र सिङ्गो पार्टी पङ्क्तिलाई पीडितहरूको सेवामा स्वयंसेवी अभियानमा परिचालित गर्ने काम अगाडि बढाइयो । व्यवस्थापिका-संसदबाट पारित साझा सङ्कल्प, राष्ट्रव्यापी रूपमा सञ्चालित स्वयंसेवक परिचालन अभियान र अन्तर्राष्ट्रिय दातृसम्मेलनमा प्रकट नेपालप्रतिको ऐक्यवद्धता, सहयोग र समर्थनले नेपाललाई विपत्तिको सामना गर्दै अगाडि बढ्न ठूलो सहयोग पुगेको छ ।यसबीच, अवरुद्ध प्रक्रियालाई सुचारु गर्दै संविधान निर्माणको कामलाई निष्कर्षमा पुऱ्याउन पार्टीले गम्भीर पहल सुरु गऱ्यो । सडक आन्दोलनको असफलता, संविधान निर्माणका लागि व्यापक जनदबाब र भूकम्पले सिर्जना गरेको सङ्कटपूर्ण अवस्थाले हिजो विरोधमा रहेका दलहरूलाई पनि संविधान निर्माणमा नयाँ ढङ्गले सहभागी हुन वाध्यकारी अवस्था सिर्जना गरिदिएको थियो ।भूकम्पले ध्वस्त बनाएको मुलुकको पुननिर्माण र संविधान निर्माण- यी दुई राष्ट्रिय कार्यभारलाई सँगसँगै अगाडि लैजान पार्टीले गम्भीर प्रयाश अगाडि बढायो ।

५. यसै पृष्ठभूमिमा, लामो आरोह-अवरोह, दलहरूबीचको तिक्तता र जनतामा

फैलिएको निराशालाई चिर्दै राष्ट्रिय राजनीतिका मुख्य शक्तिहरू- नेकपा (एमाले), नेपाली काङ्ग्रेस, एनेकपा (माओवादी) र मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) बीच गतः जेठ २५ गते ऐतिहासिक १६ बुँदे सहमति भएको छ ।यो सहमति धेरै अर्थमा ऐतिहासिक र दूरगामी महत्वको छ ।यसले संविधान बन्न नदिएर मुलुकलाई अस्थिरता र अराजकतातिर धकेल्ने षडयन्त्रलाई विफल पार्दै जनतामा सकारात्मक विश्वास सिर्जना गर्न ठूलो भूमिका खेलेको छ ।लामो समयदेखि अवरुद्ध संविधान निर्माणलाई निष्कर्षमा पुऱ्याउने ढोका खोलिदिएको छ ।संविधानसभामा प्रतिनिधित्व गर्ने झण्डै ९० प्रतिशत सभासद् र मुख्य दलका बीचमा फराकिलो र आधारभूत सहमति निर्माण गरेको छ ।विगतमा अगाडि सारिएका कतिपय त्रुटिपूर्ण प्रस्तावलाई सच्याउँदै सन्तुलित र देशको अधिकतम हित हुने गरी सङ्घीय ढाँचा निर्धारण गर्ने अवसर प्रदान गरेको छ ।मुख्य राजनीतिक दलहरूले आफ्नै सुझबुझ र स्वविवेकका आधारमा गरेको यस सहमतिले राजनीतिक नेतृत्वप्रतिको विश्वासलाई अभिवृद्धि गर्न पनि मद्दत गरेको छ ।

६. त्यही सहमतिमाथि आधारित भएर संविधानसभाबाट विभिन्न प्रक्रियागत चरणहरू पार गर्दै संविधानभाको पहिलो मस्यौदा तयार गरिएको छ ।संविधानको मस्यौदा जनतासमक्ष पुग्नु संविधान बन्ने कुराको प्रत्याभूति हो । यो संविधान निर्माणमा जनताको सहभागिता एवं अपनत्व सुनिश्चित गर्ने उच्च लोकतान्त्रिक विधि पनि हो ।

७. संविधान मुलुकको तत्कालीन राजनीतिक शक्ति सन्तुलनको दस्तावेज हो ।नेपाली राजनीतिमा परिवर्तनकारी लोकतान्त्रिक शक्तिका अतिरिक्त अनेकौं धार र प्रवृत्तिहरू पनि विद्यमान छन् । यसको प्रतिबिम्ब संविधानसभामा पनि छ र संविधानसभाको शक्ति संरचना तदनुरूप निर्माण भएको छ ।आमरूपमा लोकतान्त्रिक शक्तिहरूको बाहुल्य भए पनि राजनीतिक र सामाजिक-आर्थिक प्रश्नमा विभिन्न वर्ग दृष्टिकोण, लक्ष्य, उद्देश्य, विचार र हितका मतभिन्नताहरू छन् । आम नेपाली जनता र परिवर्तनकारी लोकतान्त्रिक शक्तिको प्रतिनिधिका रूपमा नेकपा (एमाले) ले संविधान निर्माणमा सक्रिय, प्रभावकारी र नेतृत्वदायी

भूमिका खेलिरहेको छ ।तर विरोधाभाष के छ भने सङ्ख्याका हिसाबले हामीहरू एक तिहाई भन्दा कम छौं ।विभिन्न पक्षलाई मिलाउनु पर्ने आवश्यकताका कारण कतिपय बिषयमा सम्झौताहरू गरिएका छन् ।यसले गर्दा संविधानको प्रारम्भिक मस्यौदामा कतिपय कमीकमजोरी र सङ्गति नमिलेका पक्षहरू पनि रहेका छन् ।संविधान निर्माणको क्रममा विगतमा गरिएका कतिपय सहमति-समझदारी तथा विगत संविधानसभाका विभिन्न समिति, उपसमितिहरूले गरेका कामहरूलाई समेत संयोजन गर्ने क्रममा कतिपय अस्पष्टताहरू रहेका छन् ।मस्यौदाको मूल्याङ्कन गरिरहँदा संविधान निर्माणको विगत पृष्ठभूमि र विद्यमान शक्ति सन्तुलनलाई हेक्का राख्नु आवश्यक छ ।

८. तर प्रस्तावित संविधान आधारभूत रूपमा अग्रगामी, लोकतान्त्रिक, परिवर्तनमुखी र राष्ट्र तथा जनताको पक्षमा छ भन्ने कुरामा भने कुनै सन्देह छैन । संविधानसभाको विद्यमान शक्तिसन्तुलनका बीचमा संविधानलाई यस रूपमा प्रस्तुत गर्न सकिनु आफैमा ऐतिहासिक उपलब्धि हो ।उपलब्धि र सकारात्मक बिषयलाई सम्वर्द्धन गर्न र रहन गएका कमीकमजोरीलाई सुधार गर्न आगामी दिनमा पनि निरन्तर प्रयाश हुने नै छ ।

प्रस्तावित संविधानका मुख्य बिशेषताहरूलाई यसरी उल्लेख गर्न सकिन्छ :

क) संविधानले नेपाली जनताको युगौं लामो सङ्घर्ष र बलिदानबाट प्राप्त लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ र संस्थागत गरेको छ ।जनतामा निहित सार्वभौमसत्ताको साँचो अर्थमा प्रत्याभूति हुने, नागरिकका रूपमा गरिमा अभिवृद्धि गर्ने र जनताको सर्वोच्चताको पुनःपुष्टि गर्ने गणतन्त्रको संस्थागत सुदृढीकरण स्वयंमा ऐतिहासिक उपलब्धि हो ।

ख) संविधानले हरेक नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चित गर्नुकासाथै विचार र अभिव्यक्ति स्वतन्त्रता लगायत स्वतन्त्रता र समानताका आधारभूत नागरिक हकहरूको प्रत्याभूति गरेको छ ।लोकतन्त्रका विश्वव्यापी मूल्यमान्यताहरूलाई आत्मसात गर्दै व्यक्तिगत स्वतन्त्रता, बहुदलीय प्रतिष्पर्धात्मक शासन व्यवस्था,

प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका र जनतामा निहित सार्वभौमसत्ता जस्ता महत्वपूर्ण बिषयको पुनःपुष्टि गरेको छ ।

ग) संविधानले सबै खालका विभेद र उत्पीडनबाट समाजलाई मुक्त गर्दै सबैलाई समान सम्मान, बराबरी अधिकार, समान अवसर र बराबरी सुरक्षा प्रदान गर्ने आधार निर्माण गरेको छ ।संविधानले निर्दिष्ट गरेको बाटोमा अगाडि बढ्दै समतामूलक र न्यायपूर्ण समाज निर्माणका लागि ढोका खुलेको छ ।यसका लागि धार्मिक स्वतन्त्रता, बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक नीति, सबै खाले सामन्ती र पितृसत्तात्मक उत्पीडनको अन्त्य, जातीय विभेद र छुवाछुतलाई दण्डनीय बनाइने जस्ता विशेष व्यवस्थाहरू गरिएका छन् ।

घ) संविधानको मस्यौदामा नेपालको इतिहासमा पहिलोपल्ट सामाजिक न्यायको मान्यतालाई संवैधानिक रूपले सुनिश्चित गरिएको छ ।जनतालाई नागरिक-राजनीतिक अधिकारहरूमात्रै होइन, आर्थिक-सामाजिक-सांस्कृतिक अधिकारको पनि प्रत्याभूति गरिएको छ ।माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य, रोजगारीमा पहुँच, कोही पनि खाद्यान्नको अभावमा भोकै मर्न नपर्ने गरी खाद्य अधिकार र खाद्य सम्प्रभुता, आवासमा पहुँच र स्वच्छ वातावरणको हक जस्ता बिषयहरू मस्यौदाका मुख्य विशेषताका रूपमा रहेका छन् ।

ङ) अत्यधिक केन्द्रिकृत राज्यका अधिकार स्थानीय तहसम्मै स्थापित गर्न, स्थानीय तहबाटै जनताको स्वशासनको अभ्यास गर्न र समाजका विविधता र पहिचानलाई राज्यमा प्रतिबिम्बित गर्न सङ्घीयतामा जाने निर्णय विगतमा नै भइसकेको यथार्थ स्पष्ट नै छ ।संविधानमै सूचीकृत अधिकारको अभ्यास गर्ने गरी सङ्घीय, प्रादेशिक र स्थानीय गरी तीन तहको सङ्घीय संरचनाको प्रबन्ध गरिएको छ ।पहिचान र सामर्थ्यका आधारमा बन्ने ८ वटा प्रदेशहरू बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र भौगोलिक विविधतायुक्त हुने सुनिश्चित गरिएको छ ।स्थानीय

सरकारहरू आफ्नो स्थानमा सशक्त र प्रभावकारी हुने आधार तयार गरिएको छ । सङ्घीय आयोगको सिफारिसका आधारमा प्रदेशको सीमाङ्कन हुने र प्रदेशसभाले नै नामाङ्कनको टुङ्गो गर्ने व्यवस्था गरिएको छ ।

च) सामन्ती राज्यव्यवस्था र विभेदकारी शासन प्रणालीका कारण राज्यका विभिन्न अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, लोपोन्मुख, तराईबासी-मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, अल्पसङ्ख्यक र अन्य पछाडि परेका समुदायको न्यायोचित प्रतिनिधित्व हुन नसकेको यथार्थलाई मनन् गर्दै संविधानले समानुपातिक समावेशी सिद्धान्तलाई आत्मसात गरेको छ ।अल्पसङ्ख्यक र सीमान्तकृत समुदायको परिभाषा गर्दै उनीहरूलाई आफ्नो सरोकारका एवं आफूलाई प्रभावित पार्ने नीति निर्माणमा सहभागी हुने, सांस्कृतिक सम्पदा, परम्परागत शीप, भाषा, लिपी र धर्मको संरक्षण गर्ने तथा भूमि र प्राकृतिक स्रोतको उपयोग, राज्यका संरचनामा प्रतिनिधित्व लगायतमा विशेष अधिकार पाउने व्यवस्था गरिएको छ। राष्ट्रिय समावेशी आयोगको व्यवस्था गरिएको छ ।

छ) मस्यौदा संविधानले नेपालको स्वाधीनता, सार्वभौमसत्ता र भौगोलिक अखण्डतालाई अक्षुण्ण राख्दै नेपालीको स्वाभीमान उँचो राख्ने मार्ग अवलम्बन गरेको छ । राष्ट्रिय हितका मुख्य बिषयलाई सूत्रीकृत गरेको छ । सामाजिक सद्भावसहितको राष्ट्रिय एकताका लागि आधार निर्माण गरेको छ ।

ज) हाम्रो अथक प्रयाशका फल:स्वरूप संविधानमा नेपालको भावी गन्तव्य समाजवाद हो भन्ने कुरा स्पष्ट पारिएको छ। सामन्तवादका अवशेषहरूको उन्मूलन गर्ने, वैज्ञानिक भूमिसुधार गर्ने, राष्ट्रिय अर्थतन्त्रलाई मजबुत पार्ने, प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने, श्रमजीवी वर्गको हित प्रवर्द्धन गर्ने र सार्वजनिक, सहकारी र निजी गरी अर्थतन्त्रका तीनवटा खम्बाको सहकार्य र समन्वयका आधारमा समाजवादको आधार निर्माण गर्ने

कुराको प्रबन्ध गरिएको छ। सामन्तवादको अन्त्य हुनु र राष्ट्रको समाजवादी भविष्य तय गरिनु श्रमजीवी जनताको पक्षमा भएको निकै महत्वपूर्ण उपलब्धि हो ।

झ) संविधानले जेष्ठ नागरिक, बालबालिका, श्रमिकहरू, अपाङ्गता भएका व्यक्ति लगायत समाजका जोखिमपूर्ण अवस्थामा रहेका समूहका लागि सामाजिक सुरक्षाको प्रवन्ध गरिएको छ ।

ञ) नयाँ संविधानको निर्माण प्रक्रिया र प्रस्तावित संविधानका अग्रगामी र लोकतान्त्रिक अन्तरवस्तुहरूले दिगो शान्तिका आधार निर्माण गरेका छन् ।लोकतन्त्रलाई मूलधारका रूपमा स्थापित गरेका छन् ।विभिन्न सामाजिक र राजनीतिक द्वन्द्वका कारकहरूको निराकरण गर्दै सबै खाले असहमति, विरोध या असन्तुष्टिहरूलाई संविधानले निर्दिष्ट गरेको शान्तिपूर्ण र लोकतान्त्रिक माध्यमबाटै समाधान गर्न सकिने आधार तयार भएको छ ।

ट) महिलाका लागि बिना विभेद समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन सम्बन्धी हक, धर्म, परम्परा या संस्कारका नाममा गरिने सबैखाले हिंसाजन्य कार्य र शोषण दण्डनीय र राज्य संयन्त्रका सबै निकायमा समानुपातिक सहभागिताको हक सुनिश्चित गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको हक र विवाह, सम्बन्ध-विच्छेद र पारिवारिक मामलामा दम्पत्तिको समान हक जस्ता कुरा स्थापित भएका छन् । आमाको नाममा नागरिकता प्राप्त गर्न सकिने संवैधानिक प्रबन्ध गरिएको छ। राष्ट्रिय महिला आयोगलाई संवैधानिक हैसियत प्रदान गरिएको छ ।

ठ) छुवाछुत र भेदभावलाई सामाजिक अपराधको रूपमा दण्डनीय बनाउँदै दलितलाई राज्यका सबै अङ्गमा न्यायोचित सहभागिताको प्रबन्ध गरिएको छ। निशुल्क शिक्षा, सामाजिक सुरक्षा, परम्परागत पेशा र सीपको संरक्षण र विकास, भूमिहीन दलितलाई जमीन र आवासको व्यवस्था जस्ता बिषयमार्फत् दलितमाथिको

उत्पीडनलाई अन्त्य गर्ने बिषय संविधानमा प्रत्याभूत गरिएको छ । राष्ट्रिय दलित आयोगको व्यवस्था गरिएको छ ।

ड) राज्यका निर्देशक सिद्धान्त र नीतिहरूको प्रभावकारी कार्यान्वयनका लागि उक्त नीति र कार्यक्रमको कार्यान्वयन प्रतिवेदन सरकारले राष्ट्रपतिमार्फत् प्रत्येक बर्ष संसदमा प्रस्तुत गर्नुपर्ने र संसदले त्यसको अनुगमन गर्न समिति बनाएर काम गर्ने प्रबन्ध गरिएको छ ।

ढ) सबै नेपाली नागरिकहरूले सहजतापूर्वक र बिनाभेदभाव नागरिकता प्राप्त गर्नसक्ने व्यवस्था गर्दै एकल सङ्घीय नागरिकताको प्रबन्ध र नागरिकतामा रहेको लैङ्गिक विभेद अन्त्य गरिएको छ । गैर आवासीय नेपाली नागरिकता-पत्र सम्बन्धी नयाँ व्यवस्था गरिएको छ ।

ण) स्वतन्त्र न्यायपालिकाको मान्यतालाई स्थापित गरिएको छ । संविधानको व्याख्याताको रूपमा सर्वोच्च अदालत र सङ्घीय इकाइहरूबीचको विवाद समाधानका लागि दस बर्षसम्म संवैधानिक अदालतको व्यवस्था प्रस्तावित गरिएको छ । न्यायाधीशहरूको नियुक्ति र बर्खास्तगीका लागि स्वतन्त्र संरचनाको प्रबन्ध गरिएको छ ।

त) सङ्घीय, प्रादेशिक र स्थानीय सरकारका अधिकारहरूको सूचीको व्यवस्था गर्दै उनीहरूबीच आर्थिक स्रोतको न्यायोचित बाँडफाँट गर्न अधिकारसम्पन्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगको व्यवस्था गरिएको छ । प्राकृतिक स्रोतको समन्यायिक वितरणको सिद्धान्तलाई आत्मसात् गर्दै एक प्रदेशबाट अर्कोमा सेवा या वस्तुको निर्वाध आवागमनको प्रत्याभूति गरिएको छ ।

थ) छिमेकी मित्र राष्ट्रहरूको सम्बन्धलाई विशेष जोड दिदै सन्तुलित, जिम्मेवार र नेपालको राष्ट्रिय हितमाथि आधारित अन्तर्राष्ट्रिय सम्बन्धका लागि संविधानको मस्यौदाले मार्गदर्शन गरेको छ ।

द) संविधानले पहिलोपल्ट अधिकार प्राप्तिमात्रै होइन, कर्तव्य निर्वाह गर्ने प्रवृत्तिको विकास गर्न आवश्यक छ भन्ने मान्यताका आधारमा नागरिकका मौलिक कर्त्तव्यहरू समावेश गरेको छ । राष्ट्रपति निष्ठावान् हुँदै राष्ट्रियता र सार्वभौमसत्ताको रक्षा गर्नु, राष्ट्रले चाहेका बखत अनिवार्य सेवा गर्नु र संविधान र कानुनको पालना गर्नु नागरिक कर्त्तव्यका रूपमा उल्लेख गरिएका छन् ।

९. यद्यपि, संविधानको प्रारम्भिक मस्यौदामा कतिपय कमीहरू पनि रहन गएका छन् । भाषिक दृष्टिले यसलाई छरितो, आकर्षक, गहकिलो र स्पष्ट पार्नुपर्ने खाँचो छ । राजनीतिक स्थायित्वलाई सुनिश्चित गर्न न्यूनतम् मतसीमा (थ्रेसहोल्ड)को व्यवस्था, संवैधानिक अङ्गका पदाधिकारीहरूको पुनर्नियुक्ति, समानुपातिक निर्वाचनलाई सरल बनाउने बिषय, वडाअध्यक्षको प्रत्यक्ष निर्वाचन, नागरिकतामा लैङ्गिक समानता, मुलुकको संवेदनशील भू-राजनीति र जनसङ्ख्या बहन क्षमतालाई ध्यानमा राख्दै नागरिकतासम्बन्धी प्रावधानमा थप स्पष्टतालगायत कतिपय बिषयमा थप व्याख्या र सुधार गर्नुपर्ने आवश्यकता हामीलाई सुरुदेखि नै बोध हुँदै आएको छ । महिला, दलित र सञ्चारकर्मीहरूका तर्फबाट उठिरहेका आवाजहरू मननीय छन् । संविधानको मुख्य सार नै सबैखाले विभेदहरूको अन्त्य, समान अधिकारको प्रत्याभूति र पछाडि परेका समुदायको उत्थानका लागि विशेष व्यवस्था हो । लोकतन्त्र यस संविधानको मुख्य चारित्रिक विशेषता हो र प्रेस स्वतन्त्रता लोकतन्त्रको पूर्वशर्त हो । संविधानको प्रस्तावनाले नै यस बिषयलाई दिशा निर्दिष्ट गरेको छ । यी भावना र मर्मसँग मेल नखाने शब्द, वाक्यांश या प्रावधानहरू संविधानले अन्तिम रूप प्राप्त गर्ने अवस्थासम्म स्पष्ट पारिनेछन् ।

१०. यसबीचमा, संविधानको प्रारम्भिक मस्यौदामाथि साउन ४ र ५ गते देशव्यापीरूपमा राय-सुझाव र जनताको अभिमत सङ्कलन गर्ने काम सम्पन्न भएको छ । छोटो समयसीमा, प्रतिकूल मौसम, भूकम्पपछिको असहज जनजीवन, कतिपय दल र पक्षबाट खडा गरिएको व्यवधान र बन्द हडतालको बीचमा पनि जसरी लाखौं

जनता यस प्रक्रियामा सहभागी भएका छन्, यो अन्त्यन्तै उत्साहप्रद, सकारात्मक र प्रेरणादायी बिषय रहेको छ। यसले जनताका प्रतिनिधिहरूले, जनताकै सहभागितामा, जनताकै भावना अनुरूपको *'हाम्रो संविधान : राम्रो संविधान'* निर्माण गर्न ठूलो मद्दत पुऱ्याएको छ। यसले नेपाली जनता छिटोभन्दा छिटो संविधान निर्माण गर्न चाहन्छन् र त्यसमा आफ्नो भावना प्रतिबिम्बित भएको देख्न चाहन्छन् भन्ने पुष्टि गरेको छ। संविधान निर्माणमा वाधा पुऱ्याउन चाहनेहरूको दुराशय उजागर भएको छ र उनीहरू जनताबाट एक्लिएका छन्। उत्साहपूर्ण सहभागिता र रचनात्मक सुझावहरूका लागि हामी जनताप्रति आभारी छौं।

११. राय-सुझाव दिने जनताको अत्यधिक ठूलो हिस्साले प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था हुनुपर्ने, प्रदेशहरूको सङ्ख्या सानो र भौगोलिक विविधतालाई समेट्ने खालको हुनुपर्ने, धार्मिक स्वतन्त्रताको व्यवस्था स्पष्ट गरिनुपर्ने लगायतका बिषयमा अभिमत दिएका छन्। यी सुझावहरू महत्वपूर्ण छन् र यिनले धेरै हदसम्म जनभावनाको प्रतिनिधित्व गर्छन्। प्रत्यक्ष निर्वाचित कार्यकारी (प्रधानमन्त्री)को व्यवस्था हाम्रो पार्टीले दुबै निर्वाचनको घोषणापत्रमा आधिकारिक रूपमा नै अगाडि सारेको थियो। हामीले यसका पक्षमा अन्य दलहरूलाई सहमत गराउन अधिकतम् प्रयत्न पनि गरेका थियौं। तर यसो गर्नु संभव नभएपछि संविधान बनाउने मूल्यमा हामीले यस बिषयलाई स्थगन गरेका थियौं। राष्ट्रव्यापी रूपमा प्राप्त सुझावहरूले हामीलाई उत्साहित तुल्याएको छ। त्यसरी नै, सङ्घीयताको बारेमा प्राप्त सुझावहरू पनि महत्वपूर्ण छन्। यी बिषयहरूलाई संविधान निर्माणको प्रक्रियामा गम्भीरतापूर्वक ध्यान दिइनेछ।

१२. धर्म व्यक्तिको निजी आस्थाको बिषय हो। लोकतान्त्रिक प्रणालीमा राज्यले धर्मविशेषलाई अवलम्बन गर्नु हुँदैन, राज्य धार्मिक मामलामा तटस्थ रहनुपर्छ र सबै धर्म/धर्मावलम्बीहरूप्रति समभाव राख्नुपर्छ भन्ने अर्थमा नेकपा (एमाले) धर्मनिरपेक्षताको पक्षमा उभिँदै आएका हो। पछिल्लो समय जबर्जस्ती धर्म परिवर्तन, निश्चित समुदायका

धार्मिक आस्थामाथि आँच पुऱ्याउने प्रयाश र आफ्ना मौलिक मूल्य-मान्यताहरू कमजोर पारिँदै लगिएको अनुभूतिले समाजलाई संवेदनशील बनाएको स्पष्ट देखिन्छ । संविधानको मस्यौदामाथि छलफल र राय-सुझावमा पनि यो संवेदनशीलता व्यक्त भएको छ । धर्मको नाममा कुनै पनि पक्षले राजनीति गर्न नपाओस् र जनताको धार्मिक आस्थालाई विवादमा पार्ने काम नहोस् भन्ने कुरामा सतर्क रहनुपर्छ । राज्य धर्मसापेक्ष हुन नहुने, धर्मको बिषयमा राज्य तटस्थ, साझा र समभावयुक्त हुने, जनतालाई धार्मिक स्वतन्त्रताको प्रत्याभूति हुने र नेपालको मौलिकता, सांस्कृतिक विशेषता र गौरवको सम्बर्द्धन हुने अर्थ खुल्ने गरी यो बिषयलाई प्रष्ट पारिनेछ ।

१३. सङ्घीय प्रदेशहरूको सीमा निर्धारण र नामाकरणको बिषय टुङ्ग्याएरै संविधान जारी गर्न सकेमा त्यो निकै राम्रो हुनेछ । यस दिशामा प्रयाश जारी छन् । तर संविधान जारी गर्ने समयसीमा प्रभावित हुने र संविधान निर्माण अनन्तकालसम्म लम्बिने गरी यस बिषयमा अलमल गर्नु भने हुँदैन भन्ने कुरामा नेकपा (एमाले) स्पष्ट छ । सङ्घीयताको आधार र सङ्ख्या स्पष्ट गरिसकेपछि सङ्घीयताबिनाको संविधान हुने हो कि भनेर कसैले पनि आशङ्का पालिरहनु जरुरी छैन । हामी सङ्घीयताप्रतिको आफ्नो प्रतिबद्धतालाई पुनः दोहोऱ्याउन चाहन्छौं । नेपाली समाजको बहुलतायुक्त चरित्र, बहुजातीय-बहुभाषिक-बहुसांस्कृतिक-बहुधार्मिक विशेषता एवम् भौगोलिक विविधता प्रतिबिम्बित हुने गरी यथासंभव छिटो प्रदेशहरूको सीमा निर्धारण हुने कुरा स्पष्ट पार्न चाहन्छौं ।

१४. जनताबाट प्राप्त राय-सुझावहरूलाई समेट्ने अधिकतम् प्रयाश हुने कुरा माथि नै उल्लेख भइसकेको छ । यसका लागि संविधानसभाका मुख्य राजनीतिक दलहरूबीच समझदारी हुनु अत्यावश्यक छ । त्यसैले प्राप्त सुझावको पक्षमा अधिकतम् सहमति जुटाउन र निर्धारित मितिमै संविधान जारी गर्ने कुराको प्रत्याभूति हुनेगरी छलफललाई अगाडि बढाइएको छ ।

१५. १६ बुँदे सहमतिको बिषयलाई लिएर सर्वोच्च अदालतको एकल इजलासबाट जारी अन्तरिम आदेशप्रति हाम्रो पार्टीलगायत मुख्य पार्टीहरूको दृष्टिकोण सार्वजनिक भइसकेको छ । न्यायपालिकाको स्वतन्त्रता र भूमिकालाई हामी सम्मान गर्छौं, तर संविधान निर्माण गर्ने संविधानसभाको सार्वभौम, जनताबाट अख्तियारीप्राप्त र विगत जनआन्दोलनको आदेशलाई सङ्कुचित गर्ने कुरामा भने हामी सहमत हुन सक्दैनौं । त्यसैले संविधान निर्माणको काम निर्वाध अगाडि बढिरहेको छ । सम्मानित सर्वोच्च अदालतको फूलकोर्टले गत असार ३१ गते संविधानसभाले प्रस्तुत गरेको संविधानको प्रारम्भिक मस्यौदामाथि आफ्ना गहन सुझावहरू प्रस्तुत गरेर संविधानसभाले अगाडि बढाएको संविधान निर्माणको प्रक्रियालाई समर्थन गरिसकेको छ । सर्वोच्च अदालतको फूलकोर्टले संविधानको मस्यौदामा समावेश गरी परिमार्जन गर्न दिएका सुझावहरूलाई सामेल गर्न र कार्यान्वयन गर्न पनि संविधान जारी गर्नु अपरिहार्य छ । संविधान निर्माणको यस ऐतिहासिक, संवेदनशील र निर्णायक घडीमा राज्यका सबै अङ्गहरूले शक्ति पृथकीकरणको सिद्धान्त र नियन्त्रण र सन्तुलनको मान्यतालाई आत्मसात् गर्दै संयमित, सन्तुलित र सुझबुझपूर्ण भूमिका खेल्न पनि हामी पुनः आग्रह गर्दछौं ।

१६. संविधानसभामा प्रतिनिधित्व गर्ने अधिकांश राजनीतिक दल र अत्यधिक सभासद्हरू संविधान निर्माणका पक्षमा उभिनुभएको छ । संविधान निर्माणको पक्षमा यति ठूलो सहमति निर्माण हुनु ऐतिहासिक उपलब्धि हो । संविधान निर्माण जटिल प्रश्नमा भिन्न राजनीतिक आस्था, मान्यता र उद्देश्य बोकेका दल या पक्षहरूको बीचमा केही मतभेद देखा पर्नु अस्वाभाविक होइन । लोकतन्त्रले मतभिन्नता र असहमतिलाई संवाद, अभिमत र मतका माध्यमबाट समाधान गर्ने आधार प्रदान गर्दछ । पहिलो संविधानसभा असफल भएकोसमेत अनुभवलाई ध्यानमा राखेर यस संविधानसभाबाट संविधान जारी गरिछाड्ने सङ्कल्पकासाथ १६ बुँदे सहमति गरिएको हो । प्रदेशको सीमा र नामाकरणसमेत टुङ्ग्याएर संविधान जारी गर्नु उचित हुँदाहुँदै पनि तत्काल यसमा सहमति नबनेका कारण सङ्घीय आयोगको व्यवस्था गरेर त्यसको

सिफारिसका आधारमा प्रदेशको सीमाङ्कनको टुङ्गो गर्ने र नामाङ्कनको जिम्मा प्रदेशसभालाई दिने प्रबन्ध गरिएको हो । संविधानलाई अन्तिम रूप दिने अवस्थासम्म छलफल, संवाद र अन्तरक्रियाहरूको माध्यमबाट असन्तुष्ट दलका सरोकार र जनताका सुझावहरूलाई अधिकतम रूपमा समेट्ने प्रयत्न गरिनेछ ।

१७. संविधान निर्माणको यस निर्णायक बिन्दुमा सबैखाले बाधा-व्यवधानहरुलाई पन्छाउँदै साउन मसान्तभित्रै मुलुकले नयाँ संविधान पाउने छ । संविधान जारी भएसँगै नेपाली इतिहासको एउटा कालखण्ड-अधिकार प्राप्तिका लागि आन्दोलनको कालखण्ड सापेक्षितरूपमा पूरा हुनेछ र नेपाल सामाजिक-आर्थिक रूपान्तरण, राजनीतिक स्थायित्व र समृद्धिको नयाँ चरणमा प्रवेश गर्नेछ । यस ऐतिहासिक कालखण्डलाई मार्गदर्शन गर्ने दस्तावेजको रूपमा संविधानको पहिलो मस्यौदा हाम्रो हातमा छ । यसलाई अझ समृद्ध, परिस्कृत, उन्नत, लोकतान्त्रिक र अग्रगामी बनाउन र अविलम्ब यसलाई जारी गर्न नेकपा (एमाले) निरन्तर क्रियाशील रहेको छ ।

**केपी शर्मा ओली**

**अध्यक्ष**

*९ साउन २०७२*

## परिशिष्ट - ३

**२६ साउन २०७२**

# प्रेस विज्ञप्ति

१. हामीहरू इतिहासको एउटा निर्णायक मोडमा उभिएका छौँ । सात दशक अगाडि आफूले चुनेका प्रतिनिधिहरूबाट आफ्ना निम्ति संविधान निर्माण गर्ने नेपाली जनताको सपनाको बीजारोपण भएको थियो । उक्त चिरप्रतिक्षित सपना साकार हुन लागिरहेको यो एउटा यस्तो ऐतिहासिक क्षण हो, जसले नेपाली समाजलाई राजतन्त्रबाट गणतन्त्रको, अधिनायकवादबाट लोकतन्त्रको, हिंसा र अशान्तिबाट दिगो शान्तिको, अस्थिरताबाट स्थायित्वको, विभेद र असमानताबाट सामाजिक न्याय र समानताको तथा दारिद्र्यबाट समृद्धिको नयाँ युगतिर रूपान्तरण गर्नेछ । यस युगान्तकारी क्षणमा म सबै न्यायप्रेमी, परिवर्तनकामी, देशभक्त दाजुभाइ दिदीबहिनीहरू र सबै सञ्चारकर्मी मित्रहरूमा हार्दिक अभिनन्दन गर्न चाहन्छु ।

२. निकै लामो आरोह-अवरोह र बहस-विवाद तथा शृङ्खलाबद्ध प्रयत्नपछि संविधानसभाले पहिलो मस्यौदा तयार गरेर जनतासमक्ष पठाइसकेको छ । अनेकौं अवरोधहरूलाई छिचोल्दै लाखौँलाख जनताले त्यसमा आफ्ना अमूल्य सुझाव र अभिमतहरू प्रस्तुत गरिसक्नुभएको छ र यसलाई थप व्यवस्थित, परिष्कृत र समृद्ध बनाउन योगदान गर्नुभएको छ । यस व्यापक र उत्साहपूर्ण सहभागिताबाट संविधानप्रति जनताको स्वामित्व र अपनत्वभाव पनि स्पष्टढङ्गले अभिव्यक्त भएको छ । प्राप्त सुझावहरूका आधारमा मस्यौदालाई थप परिमार्जित गरिएको छ ।

३. कतिपय कमीकमजोरी या अपूर्णताका बाबजुद संविधानको प्रारम्भिक मस्यौदा किन लोकतान्त्रिक, जनपक्षीय र अग्रगामी छ भन्नेबारेमा यसअघि नै हामीले आफ्ना धारणाहरू सार्वजनिक गरिसकेका छौँ । म

पुनः दोहोऱ्याउन चाहन्छु- राजतन्त्रको अन्त्य तथा गणतन्त्रलाई संस्थागत गरेर यसले जनताको सार्वभौमसत्तालाई सुदृढ गरेको छ । लोकतन्त्रका विश्वव्यापी मूल्य-मान्यतामाथि आधारित प्रावधानहरूमार्फत् सबै प्रकारका अधिनायकवादको अन्त्य र दिगो लोकतन्त्रको आधारशीला तयार गरेको छ । सबैखाले विभेदहरूको अन्त्य र सामाजिक न्यायसहितको लोकतन्त्रको व्यवस्था गरेर संविधानले जनताको न्याय र समानताको चिरप्रतिक्षित सपनालाई मूर्तरूप दिने पहल गरेको छ । सबैखाले एकाधिकारको अन्त्य, बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक नीतिहरूको अवलम्बन तथा पछाडि परेका वर्ग, समुदाय र क्षेत्रको समुन्नतिका लागि विशेष व्यवस्थाहरू गरेर यसले सामाजिक सद्भावमाथि आधारित राष्ट्रिय एकतालाई सुदृढ गर्ने बाटो तयार गरेको छ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको समन्वयबाट समतामूलक समाज निर्माण गर्ने र समाजवादी दिशामा अगाडि बढ्ने परिकल्पना गरेको छ । आधारभूत राष्ट्रिय हितको दृढ पक्षपोषण र सन्तुलित विदेश नीतिका माध्यमबाट राष्ट्रियतालाई सुदृढ गर्ने बाटो अवलम्बन गरेको छ र सर्वोपरि रूपमा, तीव्र आर्थिक विकास एवम् न्यायोचित वितरणका माध्यमबाट सबैका लागि समृद्धिको मार्गचित्र तयार गरेको छ । प्रस्तावित प्रावधानहरू पर्याप्त नहोलान्, तर संविधानले महिला, दलित, श्रमजीवी, आदिवासी जनजाति, तराईवासी- मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक, बालबालिकालगायत समाजका उत्पीडित- अपहेलित समुदायका लागि गरेका व्यवस्थाहरू अर्थपूर्ण छन् । यिनले सामन्ती राज्यव्यवस्थाका कारण सिर्जित समस्या समाधानका लागि ठोस आधार प्रदान गर्छन् भन्नेमा हामी विश्वस्त छौँ ।

४. नयाँ संविधानप्रति जनताका अपेक्षा अपरिमित र अनगिन्ती छन् । युगौँदेखि विभेद, उत्पीडन र अभावमा रहेका जनताको यस्तो अपेक्षा अस्वाभाविक होइन । तर, सबै अपेक्षा या मागहरू संविधानमा उल्लेख गर्नु सम्भव र व्यावहारिक हुँदैन । संविधानले त राज्य र नागरिकका सम्बन्धहरूलाई परिभाषित गर्दै राज्य सञ्चालनका मुख्य सिद्धान्त, नीति र दिशालाई रेखाङ्कित गर्छ । संविधानको यही मार्गदर्शनका

आधारमा भोलि बन्ने कानुन, सरकारका नीति-कार्यक्रम, राज्य संरचनालगायत बहुआयामिक उपायहरूको अवलम्बनद्वारा युगौंदेखिका विभेद र असमानताहरूलाई अन्त्य गर्दै जानुपर्छ । संविधानमा मुख्य, आधारभूत र मार्गदर्शक विषयहरू समेटिएका छन् र कतिपय छुटेका रहेछन् भने पनि संविधानलाई अन्तिम रूप दिने अवस्थासम्म तिनीहरूलाई समेट्न संविधानसभा तत्पर छ भन्ने विश्वास म यहाँहरूलाई दिलाउन चाहन्छु ।

५. संविधान विद्यमान शक्ति-सन्तुलनको दस्तावेज हो र संविधानसभाको शक्तिसंरचनाले यसको सार र स्वरूपमा प्रभाव पार्छ । संविधानसभामा भिन्न-भिन्न दर्शन, विचारधारा र मान्यता बोकेका दलहरूको सङ्गम छ । समाजमा पनि राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र समुदायगत हितका प्रश्नमा अनेकौं मत र मतान्तरहरू छन् । सबैका मुख्य सरोकारहरूलाई सम्बोधन गर्ने अधिकतम कोसिस हुँदाहुँदै पनि सबैलाई, सबै विषयमा र सम्पूर्ण रूपमा सन्तुष्ट गर्नु सम्भव छैन भन्ने यथार्थलाई सबैले हेक्का राख्नैपर्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र संविधान निर्माणको मुख्य आधार हो र ऐतिहासिक जनआन्दोलनको जनादेश पनि यही हो । यसैमाथि आधारित रहेर संविधान निर्माण भएको हुनाले यसप्रति परिवर्तनकारी सबै शक्तिले साथ-समर्थन, अपनत्व र खुसी व्यक्त गर्नुपर्छ भन्ने हामीलाई लाग्दछ ।

६. सङ्घीयता संविधानको जटिलतम प्रश्न हो र प्रदेशहरूको सीमाङ्कन सर्वाधिक कठिन दायित्व हो । जनताको भावनालाई अधिकतम् प्रतिविम्बित गर्दै हामीले ६ प्रदेशसहितको सङ्घीय ढाँचाको रेखाङ्कन गरेका छौं । सङ्घीयता कुनै जड र स्थिर विषयवस्तु होइन, यो समयक्रममा विकसित र परिवर्तित हुँदै जाने एउटा गतिशील विषय हो । विगत संविधानसभाले तयार गरेको नीतिगत आधारलाई ध्यानमा राखेर प्रदेशको सीमाङ्कनलाई अधिकतम् व्यावहारिक बनाउने कोसिस गरिएको छ र प्रत्येक प्रदेशले समुदायगत विशिष्टतालाई समेट्दै प्राकृतिक साधन-स्रोतहरूको पहुँच, भौतिक पूर्वाधार, आत्मनिर्भर र प्रतिस्पर्धात्मक विकासका लागि न्यूनतम्

आधार प्राप्त गर्न सकून् भन्ने कुरामा ध्यान पुऱ्याउने प्रयास भएको छ । यसो गर्दा जनतालाई राज्यको सुविधा आफ्नो आँगनमै प्राप्त हुन सकोस् भन्ने कुरालाई पनि हेक्का राखिएको छ । सीमाका प्रश्नमा केही समस्या भए संविधानलाई अन्तिम रूप दिने बेलासम्ममा तिनलाई संबोधन गर्न सकिन्छ र भविष्यमा पनि सङ्घीय आयोगको सिफारिसमा फेरबदल गर्न सकिन्छ । त्यसैले यस प्रश्नमा अनावश्यक रूपमा संवेदनशील र उत्तेजित नहुन हामी आम नागरिकहरूलाई विनम्रतापूर्वक आह्वान गर्न चाहन्छौँ । हिजो विकास क्षेत्र, अञ्चल र जिल्लाजस्ता प्रशासनिक इकाइमा गरिएको प्रशासनिक विभाजनले जनताको स्वशासनको चाहनालाई प्रतिनिधित्व गर्न सकेन भनेर नै राज्यको लोकतान्त्रिक संरचना गर्ने निर्णय गरिएको हो । त्यसैले राज्यको पुनःसंरचना गर्दा कतिपय सन्दर्भमा हिजोका यी संरचनाभन्दा माथि उठ्न तयार हुनुपर्छ भन्ने कुरालाई ध्यानमा राख्न पनि हामी आग्रह गर्दछौँ ।

७. लामो समयदेखि अवरुद्ध संविधान निर्माण प्रक्रिया निष्कर्षमा पुग्न लागेको र यसले लोकतान्त्रिक गणतन्त्रलगायत परिवर्तनका एजेन्डालाई संस्थागत गर्ने निश्चित देखेपछि यतिबेला कतिपय जनविरोधी र राष्ट्रविरोधी तत्त्वहरू सल्बलाउन लागिरहेका छन् । मुलुकमा अन्त्यहीन अस्थिरता र अराजकता फैलाएर नेपाललाई कहिल्यै पनि सबल, समृद्ध र समुन्नत हुन नदिने तत्त्वहरू यतिबेला मुख्यतया जनताको धार्मिक संवेदनशीलता र प्रदेशहरूको सीमाङ्कनसम्बन्धी संवेदनशीलतामाथि खेलबाड गर्न उद्यत् रहेका छन् । हामी नेपालको गौरवपूर्ण इतिहास, सांस्कृतिक समृद्धि र मौलिक मूल्य-मान्यताप्रति सचेत छौँ । धर्म व्यक्तिगत आस्थाको विषय हो र राज्यद्वारा एउटामात्रै धर्म अवलम्बन गरिने कुराले लोकतान्त्रिक मूल्यसँग मेल खाँदैन । राज्यले सबै धर्म र धर्मावलम्बीहरूप्रति समभाव राख्नुपर्छ, धार्मिक स्वतन्त्रताको प्रत्याभूति हुनुपर्छ र गरिबी, अभाव र लोभ-प्रलोभनका आधारमा धर्म परिवर्तन गराउने कुरालाई गम्भीर अपराधको रूपमा चिन्हित गरिनुपर्छ । यति स्पष्ट दृष्टिकोण हुँदाहुँदै पनि धर्मलाई राजनीतिकरण गर्ने र यसलाई संविधान निर्माणमा व्यवधान खडा गर्ने विषय बनाउने कुरा कदापि स्वीकार्य हुन सक्दैन । त्यसरी नै, प्रदेशहरूको

सीमाङ्कनमा नमिलेका विषयको सम्बोधन गरिने सार्वजनिक प्रतिबद्धता मुख्य दलहरूबाट व्यक्त हुँदाहुँदै पनि  जनतालाई उत्तेजित बनाउने र संविधान बन्न नदिने अस्त्रका रूपमा यसलाई प्रयोग गर्ने दुष्प्रयासलाई परास्त गर्न हामी कृतसङ्कल्पित छौँ ।

८. प्रदेश सीमाङ्कनको विषयलाई लिएर हिजो सुर्खेतमा ३ जना व्यक्तिको ज्यान जाने गरी भएको घटनाप्रति नेकपा (एमाले) गहिरो दुःख प्रकट गर्दछ । तर, शान्तिपूर्ण रूपमा भइरहेको प्रदर्शनलाई अराजक र उच्छृङ्खल स्वरूप दिने, राजनीतिक पार्टीहरूका कार्यालयमा आगजनी र तोडफोड गर्ने, नेताहरूका घरमाथि आक्रमण गर्ने, प्रहरीहरूलाई गाडीभित्रै जलाउने दुष्प्रयास गर्नेजस्ता क्रियाकलापले उक्त प्रदर्शनमा अवाञ्छित घुसपैठ भएको र त्यसलाई जबर्जस्ती हिंसात्मक स्वरूप दिने प्रयास भएको स्पष्ट देखिन्छ । जनताको शान्तिपूर्ण विरोध गर्न पाउने अधिकारको सम्मान गर्दै यस्ता अराजक र विध्वंशकारी घटनामा सङ्लग्न दोषीहरूलाई कारबाहीको दायरामा ल्याउन हामी सरकारको गम्भीरताका साथ ध्यानाकर्षण गर्दछौँ । इतिहासको यस महत्त्वपूर्ण, निर्णायक र युगान्तकारी मोडमा प्राप्त अधिकारहरू पनि धरापमा पर्ने गरी कुनै प्रकारको अधैर्य, आवेग र उत्तेजनामा नआइकन आफ्ना जायज सरोरकारहरूलाई शान्तिपूर्ण ढङ्गले प्रस्तुत गर्न हामी सबैलाई पुनः आग्रह गर्दछौँ ।

९. सबैखाले व्यवधान, अवरोध र चुनौतीलाई पञ्छाउँदै भदौको दोस्रो साताभित्र संविधान जारी गर्न नेकपा (एमाले) कृतसङ्कल्पित छ । संविधान जारी भएसँगै अधिकार प्राप्तिका लागि चल्दै आएको आन्दोलन एउटा दीर्घकालीन सापेक्षतामा पूरा भएर मुलुक समृद्धि प्राप्तिको नयाँ युगमा प्रवेश गर्नेछ । जनताका अधिकार र लोकतन्त्रका लागि सधैँभरि आन्दोलनको अग्रिम मोर्चामा रहेको नेकपा (एमाले) समृद्धि प्राप्तिको नयाँ युगमा पनि नेतृत्वदायी भूमिका र अग्रपङ्क्तिमा रहने विश्वास दिलाउन चाहन्छौँ ।

**– केपी शर्मा ओली**

**अध्यक्ष**

परिशिष्ट - ४

**७ भदौ २०७२**

# प्रेस वक्तव्य

नेकपा (एमाले) स्थायी कमिटीको आकस्मिक बैठक अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा आज साँझ संविधानसभा भवन, नयाँ बानेश्वरमा बस्यो । बैठकमा कैलालीलगायत विभिन्न जिल्लाहरूमा घटित हिंसात्मक घटनाबारे गम्भीर छलफल भयो । बैठकले देहायको प्रस्ताव पारित गरेको छः

*आज दिउँसो कैलालीको टीकापुरमा शान्तिसुरक्षामा खटिएका प्रहरी अधिकृत तथा जवानहरूमाथि भएको हिंसात्मक आक्रमण तथा हत्याबाट नेकपा (एमाले) अत्यन्त स्तब्ध र गम्भीर भएको छ । जनताको दशकौं लामो सङ्घर्षको परिणामस्वरूप सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भएर मुलुक राजनीतिक स्थायित्व, दिगो शान्ति एवम् आर्थिक समृद्धिको नयाँ युगमा प्रवेश गर्न लागिरहेको घडीमा घटित यस घटनाले संविधान बन्न नदिन गम्भीर षडयन्त्र भइरहेको तथ्यलाई पुष्टि गरेको छ । सरकारले वार्ताकै माध्यमबाट सीमाङ्कनलगायत बिषयमा रहेका समस्या समाधान गर्न सकिने स्पष्ट पारिसकेको परिप्रेक्ष्यमा घटित यस्ता घटना संविधान बन्न नदिने, साम्प्रदायिक सद्भाव बिथोल्ने र मुलुकलाई अस्थिरतातिर धकेल्ने उद्देश्यले घटाइएका प्रायोजित घटना हुन् भन्ने स्पष्ट छ । भिडलाई संयम हुन सम्झाइ-बुझाइ गरिरहेका र कर्तव्य पालनामा खटिएका प्रहरी अधिकृत र जवानहरूलाई नियन्त्रणमा लिएर क्रूर हत्या गर्ने, जिउँदै जलाउने, घरमा पसी निहत्था विद्यार्थीको हत्या गर्ने, कलिला बालकमाथि समेत गोली प्रहार गर्ने जस्ता नृशंस घटनाबाट आन्दोलनमा आपराधिक तत्वहरूको घुसपैठ भएको पुष्टि हुन्छ ।*

*नेकपा (एमाले) यस निन्दनीय घटनाको घोर भर्त्सना गर्दछ । कर्तव्य*

*पालनाको सिलसिलामा जीवन गुमाउने सुरक्षाकर्मीहरूलगायत सबै मृतकहरूप्रति पार्टी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दछ। घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै मृतकका परिवारलाई उचित राहत दिन माग गर्दछ। यस जघन्य घटनाको गहिरो छानविन गर्न, शान्ति सुरक्षाको प्रभावकारी व्यवस्था गर्न र संविधान जारी हुन नदिन भइरहेका षडयन्त्रपूर्ण गतिविधिहरूलाई विफल पार्न नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गर्दछ। यस्ता घटनाबाट रत्तिभर विचलित नभई संविधान निर्माणको बाटोमा दृढतापूर्वक अगाडि बढ्न सम्बद्ध सबै पक्षलाई विशेष आह्वान गर्दछ। आफ्ना मागहरूलाई शान्तिपूर्ण र उपयुक्त ढङ्गले अगाडि सार्न, सङ्घीयताको बिषयमा रहेका समस्याहरूलाई वार्ताका माध्यमबाटै समाधान खोज्न र सामाजिक सद्भाव एवम् राष्ट्रिय एकता कमजोर हुने कुनै पनि गतिविधिमा सङ्लग्न नहुन सम्बद्ध सबैमा हार्दिक आह्वान गर्दछ।*

**प्रदीप ज्ञवाली**
**सचिव**
**केन्द्रीय सचिवालय**